# आर्थिक वर्ष २०८२/०८३ को
# नीति तथा कार्यक्रम

गुराँस गाउँपालिका दैलेख
कर्णाली प्रदेश

२०८२/०३/१०

**गाउँ सभाको१६ औ अधविशनमा उपस्थति सदस्य ज्यूहरु,**
**सभा अवलोकन दिर्घामा रहेका आमन्त्रित महानुभावहरू ।**

नेपालको संविधान२०७२ अनुसार नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रुपमा स्वर्णिम अक्षरमा संविधानको दस्तोवजमा राखिए पश्चात समग्र राज्य संघीयताको कार्यान्वयनको पूर्व चरण पार गर्न लागेको अवस्था छ । राज्यका निर्देशक सिद्धान्तहरु, अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा गरेका ऐक्यवद्धता, दीगो विकासका लक्ष्य प्राप्तीको लागी राष्ट्रले तयार पारेका दीर्घकालिन सोच रणनीति र कार्ययोजना सहित गुराँस गाउँपालिकाले सोही बमोजिम तयार पारेको ***"सुख,समृद्धिका लागि शासकीय सुधारः हातेमालो गरी फेरौं गुराँसको मुहार"*** भन्ने नाराको मूल मर्म अनुसार सुखि र समृद्ध गुराँस बासीको जीवनयापन भन्ने मुल उदेश्य तथा सामाजिक न्यायको सिद्धान्तलाई आत्मसाथ गर्दै सामाजिक, आर्थिक, वातावरणिय र सुशासनमा व्यापक सकारात्मक सुधार सहितको समाजवाद उन्मुख अर्थ व्यवस्थालाई व्यवहारिक रुपमा कार्यान्वयन गर्ने दिशातिर लम्किरहेको गुराँस सरकारको १६ औं अधिवेशनमा आ.व. २०८२।०८३ को नीति तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्न पाउँदा अन्तस्करण देखिनै गौरवान्भित महसुस गरेको छु । यस गौरवशाली सभाको गौरवमय समयमा गुराँस सरकारसंगै हातेमालो गर्न सहकार्य गर्नुहुन सम्पुर्ण गुराँसबासी आमाबुवा, दाजुभाई, दिदिबहिनि तथा आम नागरिकहरुमा हार्दिक सम्मान सहित धन्यवाद प्रकट गर्न चाहान्छु ।

यस सुखद अवसरको खातिर देशको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधिनता, स्वाभिमान र समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गर्न इतिहासका विभिन्न कालखण्डमा भएका राजनीतिक आन्दोलनहरु, सशस्त्र द्वन्दमा जीवन उत्सर्ग प्रातः स्मरणिय ज्ञातअज्ञात वीर शहिद एवं सपुतहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै, अधिकार प्राप्तिका विभिन्न आन्दोलनका क्रममा घाइते अपाङ्ग र वेपत्ता भएका व्यक्तिहरु, ज्यानको प्रवाह नगरि कर्णाली प्रदेश प्राप्तिको आन्दोलनमा सहभागि भई महत्वपूर्ण

योगदान पुऱ्याउनुहुने  वीर योद्धाप्रति समेत उच्च सम्मान र घाईते व्यक्तित्त्वहरुको सिघ्र स्वास्थ्य लाभको कामना व्यक्त गर्न चाहन्छु ।

**गाउँ सभाका सदस्य ज्यूहरु,**

गुराँसबासीलाई आफ्नो इतिहास र स्वाभिमान, संघर्ष र बलिदान, परिवर्तन र उपलब्धिप्रति गौरव बोध गराउन, जनतामा गुराँस सरकार प्रति थप आशा विश्वास र भरोसा स्थापित  गर्न, आर्थिक गतिशिलता बढाउन,भ्रष्ट्राचार नियन्त्रण गर्न, दण्डहिनता र सामाजिक कुरितिको अन्त्य गर्न गुराँस सरकार प्रतिवद्ध रहेको कुरा जानकारी गर्न चाहान्छु । गुराँस सरकारले विगत आठ बर्ष देखि हरेक बर्षमा नीति तथा कार्यक्रम तयार पार्दै गर्दा हामी निर्वाचित भए पछिका निती तथा कार्यक्रमहरु संघियताको मर्म एवं राज्यका निर्देशक सिद्धान्तहरु, देशको संविधान, अन्तराष्ट्रिय स्तरमा गरिएका प्रतिवद्वता, राज्य द्वारा अवलम्वन गरिएका दीगो विकासका लक्ष्यहरु, भौतिक विकासका साथै मानव विकासका सुचांकहरु संघीय एवं प्रादेशिक तहबाट जारी गरिएका निति,निर्देशन, मापदण्ड, सोच, रणनीति र कार्ययोजनाका आधार पत्रका साथै विभिन्न क्षेत्रसंग सम्बन्धित विज्ञ एवं सरोकारवालाहरु, राजनितीक दल  विकास साझेदार संघ संस्थाका सुझाव, नागरिक, समुदाय र वस्ति  स्तरबाट अपेक्षा गरिएका योजना निती र कार्यक्रम संगे मागपत्रहरु, विकासका नवीनतम सिद्धान्तहरु, गुराँस गाउँपालिका क्षेत्रको भुगोल र सामाजिक परिवेश सुहाँउदो नीति, गुराँस गाउँपालिकाको प्रथम आवधिक योजना, गुराँस गाउँपालिकाले तयार पारेका दीर्घकालिन रणनीतिहरु र नागरिकको जनभावनालाई केन्द्रविन्दु मानि गुराँस गाउँपालिका को सम्पूर्ण आवश्यकताहरुको अधिकतम सम्वोधन गर्ने प्रयास गरिएको छ ।

नागरिकको सर्वोत्तम हित प्रवर्द्धन र स्वाभिमानको संरक्षण गर्ने, प्रशासनिक कार्यलाई प्रविधिमैत्री, विकासमैत्री र जनमैत्री बनाउने, अनावश्यक अनुत्पादक क्षेत्रमा हुने फजुल खर्च कटौती गर्दै खर्चमा मितव्ययिता कायम गर्ने, पूर्वाधार निर्माण संगै शासकीय सुधारका पक्षहरुमा उपलब्धिमुलक लगानी बढाउने, वित्तीय अनुशासन मार्फत गुराँस गाउँपालिकालाई समृद्धिको दिशातिर डोहोऱ्याउने जस्ता उद्देश्य लाई निरन्तरता दिने र सामाजिक मुल्य मान्यताको संरक्षण गर्ने लक्ष्य लिएका छौं । गुराँस सरकारले लिएका नीतिगत  व्यवस्थाको

परिणाम स्वरुप सबै क्षेत्रमा सकारात्मक नतिजा देखिन थालेको अनुभूति भएकै छ ।संघीयताको कार्यान्वयको चरणमा हालसालै नागरिकस्तरमा देखिएका असन्तुष्टि, वितृष्णा अविश्वास र शंकाको घेरालाई चिर्नको लागी गुराँस सरकार तदारुकताका साथ लागी पर्नेछ र यसको लागी सम्पूर्ण सभा सदस्यहरु र आम नागरिकहरुले साथ दिनुहुनेछ भन्ने विश्वास लिएको छु ।यस अवधिमा संघीय लोकतान्त्रिक गणतन्त्रको प्रमुख आधार मानिएको स्थानीय तहको दोस्रो कार्यकालको तेस्रो वर्ष सम्पन्न भई रहँदा अनेकौं अभाव वाधा अड्चन र चुनौतिहरूको वावजुद महत्वपुर्ण उपलब्धिहरू संगै ३ वर्षे अवधी सबल ढंगबाट पूरा भएको छ।

देशको समग्र आर्थिक अवस्था आफैमा कमजोर रहनु, राजश्वका दरहरुमा मात्र वृद्धि गरि नागरिकहरु मारमा परेको जनगुनासो आएको अवस्था र वैदेशिक ऋण, अनुदान, दातृ निकायको साझेदारी सहयोग र विप्रेषणको वरिपरि रहेको अवस्थामा नागरिकका आवश्यकताको सम्वोधन गर्न स्थानीय सरकारलाई समेत चुनौती रहेको छ ।यद्यपि हामीले जनतालाई बाचा गरे अनुसार हाम्रो आर्थिक अवस्थाले सकेजति भरपुर र अधिकतम चाहानाको पूर्ती गर्नतर्फ हाम्रो ध्यान केन्द्रित रहेको छ । स्थानीय तहले एक आपसमा भौतिक विकास र मानव विकासका सुचाङ्कमा एक अर्कालाई उछिन्ने प्रतिस्पर्धा गरिरहेको वर्तमान परिप्रेक्ष्यमा सबै क्षेत्रमा खरो रुपमा उत्रिनु पर्ने चुनौति संग संगै आफु संग भएको योग्यता क्षमतालाई उजागर गर्ने र आफ्नो गाउँ ठाँउको विकास संगसंगै समाजको रूपान्तरण गर्ने अवसर हामी बिच विद्यमान छ ।

**गाउँ सभाका सदस्य ज्यूहरु,**

स्थानीय तहको अस्तित्त्व सुरु भएको करिव नौ वर्ष लाग्दैछ। जनताको पक्षमा जति असल काम हामी जनप्रतिनिधि र स्थानीय तहका राष्ट्रसेवक कर्मचारीले गर्न सक्छौं, त्यति नेपालको संघिय गणतन्त्रात्मक व्यवस्था स्थापित हुँदै जाने कुरामा दुईममत छैन जति सौहार्द ,आत्मियता र आत्मविश्वस राजनितीकर्मी एवं जन प्रतिनिधी र राष्ट्रसेवक कर्मचारी बीच बढ्दै जान्छ त्यति सरकार र सरकारी संयन्त्र मात्र होइन राजनितीक दल र व्यवस्था प्रति जनताको विश्वास पनि प्रगाढ हुँदै जाने कुरामा पुर्ण विश्वास हामीले गरेका छौं ।यस अवधिमा स्थानीय तहको दोश्रो कार्यकालको लागि निर्वाचित भएको यो स्थानीय गुराँस सरकारले निर्वाचित हुनासाथ छोटो समयमै ल्याएको बजेट, नीति तथा कार्यक्रमको मसी सुक्न नपाउदै कार्यालय माथि हमला र निर्वाचित जनप्रतिनिधी र राष्ट्रसेवक कर्मचारी माथि समेत सांघातिक

आक्रमण गरिएको तितो अनुभव हामीसंग जिवितै रहेको छ ।यसको बावजुत कार्यालय, जनप्रतिनिधी र कर्मचारीको समेत शान्ति सुरक्षाको चुनौति को सामना गर्दै जनताको सेवामा दृढताका साथ जनताको पक्षमा काम गर्दै अघि वढिरहेको व्यहोरा यस सम्मानित सभा समक्ष सगौरव जानकारी गराउन चाहान्छु। यस विच हामीले स्थानिय निर्वाचनमा गरेका संकल्प हरु :

- हामी शासक नभई सेवक भएर काम गर्ने छौ ।
- हमी सामाजिक जागरण र विकास का अभियान्ताको रुपमा काम गर्ने छौ ।
- आग्रह पुर्वाग्रह विना सेवा गर्दै सुशासन को नमुना भएर काम गर्ने छौ ।

सार्वजनिक सम्पतिको जर्गेना गर्दै, भ्रष्टाचार , वेथिती र वेरुजु समेत नियन्त्रण गर्ने छौ । भनेर गरेका सवै प्रतिवद्धता आत्मसाथ गर्दै गर्दा विगतमा हामीले सेवा प्रवाह गर्दै गर्दा भोग्नु परेका भौतिक संरचनाको अभाव होस् या शासकीय सुधारको क्षेत्रमा प्रयोग हुने नविनतम प्रविधिको अभाव होस हामीले सो अवस्थाबाट गुराँस सरकारलाई माथि उठाउन सुहाउदो निति तथा कार्यक्रमहरु कार्यान्वयन गरि ति आधारभूत आवश्यकताहरु पुरा गरेको अवस्था छ। यस अवधिमा अनावश्यक खर्च कटौति , वेरुजु फर्यौट बेरुजु न्यूनिकरण, स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कन का सवै सुचांक र निती विधी र कानूनी व्यवस्थाको अवलम्वन, एकिकृत कार्यालय व्यवस्थापन, नमस्ते गुराँस अनलाईन गुनासो व्यवस्थापन, र समग्रमा प्रशासनिक कार्यमा उल्लेखनिय सुधार संग संगै न्यायिक समितीको कार्य क्षमतामा शत प्रतिशत कार्यक्षमता को विकास गरेका छौ ।पालिकाको सीमित आन्तरिक आयमा नागरिकका असिमित आवश्यकता पूर्ती गर्न हामीले प्रगतिशिल करको सिद्धान्तको आधारमा नागरिकमैत्री कर संकलन गर्न करका दर र दायरामा वैज्ञानिक पद्धति अपनाएर आन्तरिक आयमा केहि प्रतिशतले वृद्धि गर्न सक्षम भएपनि संघीय सरकार र प्रदेश सरकारको प्रत्यक्ष सहकार्य र सहयोगमा स्थानीय सरकार संचालन गर्नुपर्ने अवस्थामा छ।असिमीत आवश्यक्ता सिमित स्रोत साधनको बावजुद पनि हामी निर्वाचित भएको पहिलो बर्षमा हामीले पूर्वाधार विकास ,निर्माण तथा मर्मतको कार्यलाई विशेष प्राथमिकता राखेर काम गरेका थियौं भने दोस्रो बर्ष मानव विकास सुचकांकका आधारमा रहेका गुराँस गाउँपालिकाको नीति तथा कार्यक्रम तय गरि कार्यान्वयन गरेका थियौं । हरेक वर्ष झैं पुराना राम्रा अभ्यासहरुलाई निरन्तरता दिदै नयाँ अभ्यासको थालनी गर्ने हाम्रो नीति अनुरुप यसपटकको नीती तथा कार्यक्रम नेपाल सरकारले सन् २०३० सम्म लिएका दीगो विकासका लक्ष्यमा आधारित भएर निर्माण गर्ने जमर्को

गरेका छौं र यसपटकको बजेट पनि सोहि बमोजिम बाडँफाँट तथा विनियोजन र कार्यान्वयन गरिनेछ । नागरिक स्तरमा भौतिक पूर्वाधार निर्माण मात्र विकासको आधारभूत पक्ष हो भन्ने कुरालाई चिर्न र मानव विकास सूचकांक लगायत दीगो विकासका लक्ष्यहरुको प्राप्ती पश्चात मानवीय विकासमा हुने फाईदालाई सरल भाषामा बुझाउनुपर्नेछ ।

नेपाल सरकार र प्रदेश सरकारले तयार पारेका यस आर्थिक बर्षका नीति तथा कार्यक्रमहरुलाई समेत कार्यान्वयन गर्ने र त्यसको अलवा गुराँस सरकारका आफ्ना रणनीति अनुरुप यस वर्षको बजेट नीति तथा कार्यक्रम शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि, पर्यटन, खेलकुद, रोजगारको सुनिश्चितता, सुशासन प्रवर्द्धन, शासकीय सुधार, लक्षीत वर्ग, महिला, वालवालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गगिक तथा यौनिक अल्पसंख्यक, राउटे समुदायको संरक्षण लगायत अन्य आवश्यक क्षेत्रलाई प्रोत्साहन गर्ने जीवन उपयोगी कार्यक्रम गरिनेछ, साथै यूवा जनशक्ति लाई सीप, श्रम र रोजगार एव स्वावलम्वी भई वाच्न आत्मनिर्भर हुने गरि विगत बजेटका राम्रा अभ्यासहरुलाई निरन्तरता दिदै थप आवश्यकताको आधारमा अन्य कार्यक्रम हरुलाई समेत यस तर्फ लक्षित गरि आगामी २ वर्ष भित्र पुर्ण रोजगार, पुर्ण सरसफाई, पुर्ण शिक्षीत र सक्षम गाउँपालिकामा रुपान्तरण गर्ने जानकारी यस सम्मानित सभा समक्ष अनुरोध गर्न चाहन्छु।यसको लागी गुराँस सरकारको बजेट संगै विकास साझेदार संछ सस्थालाई समेत गुराँसमा लगानी गर्न आकर्षण गरिनेछ। विकासका पूर्वाधारहरु शिक्षा स्वास्थ्य खानेपानी र लक्षीत समुदायका कतिपय महत्वपुर्ण पक्षमा विकास साझेदार संघ संस्था संग साझेदारी गर्दै अघि बढिरहेको अवस्था हामी संग छ साथै यो हामीले अवसरको रुपमा स्वीकार गरेका छौं र यो सहकार्यको लागी सम्पूर्ण संघ सस्थाहरुलाई हार्दिक धन्यवाद सहित गुराँस सरकार सहयात्राको लागी सदैव तयार रहेको जानकारी र प्रतिवद्धता समेत व्यक्त गर्न चाहान्छु ।

**गाउँ सभाका सदस्य ज्यूहरु,**

स्थानीय तह  निर्वाचनको दोस्रो कार्यकालमा गुराँस गाउँपालिकाको जनप्रतिनिधिको रुपमा निर्वाचित भएदेखि हाम्रो पहिलो उदेश्य पूर्वाधार निर्माण र मर्मत, मानव विकास, आर्थिक सामाजिक वातावरणीय र संस्थागत विकास संगै शासकिय सुधार संगै निती विधी अनुरुप काम गर्ने  नागरिकहरुलाई घरदैलोमा सेवा प्रवाह गरि गुणस्तरीय सेवालाई निरन्तरता दिने र गुराँसबासीको अधिकतम हितको लागी प्रविधिमा आधारित रहि विकासका नविनतम

सिद्धान्तलाई आत्मसाथ गर्ने कुरा प्राथमिक्तामा थियो सोहि बमोजिम वडा कार्यालयबाटै सामाजिक सुरक्षा भत्ता वितरण, सामुदायिक विद्युतिकरण सेवा, घर दैलोमै गर्भवती स्वास्थ्य जाँच तथा भिडियो एक्सरे सेवा, जेष्ठ नागरिक स्वास्थ्य जाँच सेवा, आँखा शिविर, तथा मोतिविन्दुका सल्यक्रिया, अल्ट्रा साउण्ड सेवा अशक्त तथा अपांगता भएकाको उपचार स्वास्थ्य शिवीर, अनलाइन सिफारिस, वडा कार्यालय बाटै योजना सम्झौता तथा कार्यान्वयन, सवै सरकारी कार्यालयमा ई हाजिरी, एकिकृत कार्यालय व्यवस्थापन, नेपाल टेलिकम संग सहकार्य गरेर फाईवर सहितको नेटवोर्क विस्तार, मोवाईल फोन को टावर स्थापना र फोर जि सेवा संगै ल्यायड लाईन टेलिफोन सेवा, गुनासो सम्बोधनको लागी नमस्ते गुराँस प्रोटल संचालन, उद्यमी हरुका लागी उपयोगी सीप विकास तालिम संचालन लगायका विभिन्न सेवा प्रवाहको स्थानीय वडाबाटै कार्य सम्पादनको प्रारम्भिक थालनी यस अवधिमा गरिएको छ । यि कार्यलाई निरन्तरता दिदै आगामी आ व मा टोल विकास समिति गठन एव पुर्न गठन गरि वडा कार्यलयबाट सम्पादन हुने कतिपय कार्यहरु समिति संग समन्वय गरेर टोल टोल मा विस्तार गरिनेछ र सेवाको गुणस्तर र औचित्यतालाई नागरिकस्तरबाट पृष्ठपोषण लगेर त्यसलाई थप विस्तार गर्न सोही बमोजिम मानव संशाधनको व्यवस्थापन गरिनेछ । "घर घर धारा हाम्रो अविभारा" अभियानको तेस्रो चरणसम्म करिव २००० घर धुरीमा खानेपानी सेवा प्रदान गरिसिकएको छ भने आगामी आ व मा पनि यस कार्यक्रमलाई निरन्तरता दिदै खानेपानीको पहुँच सबै हरेक घरमा सफा पिउने पानि पुर्याईनेछ । चालु आ व मा समितिगत रुपमा विनियोजन गरिएका बजेटको खाका अनुरुप हाल सम्म निम्न अनुसार बजेट विनियोजन भएको संक्षिप्त विवरण प्रतिशतमा जानकारी गराएको छु । र बजेट विनियोजन को काम लाई हचुवा भन्दा बजेटको मर्म विधि र बजेट निर्माणको निती र विधि लाई अवलम्वन्न गर्ने प्रयास गरेको व्यहोरा यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु ।

संलग्न बजेट विवरण तालिका उल्लेख गरीएको छ ।

यसै गरि हाल सम्म बजेट खच आम्दानि र बजेट र पालिकाको कार्य सम्पादनको संक्षीप्त अवस्था वारे यस सम्मानित सभामा जानकारी का लागी अनुरोध गर्न चाहन्छु ।

| क्र सं | शिर्षक | आ व ०७६/७७ | आ व ०७७/७८ | आ व २०७८/०७९ | आ व २०७९/८० | आ व २०८०/८१ | आ व २०८१/८२ |
|---|---|---|---|---|---|---|---|
| १ | बजेट आकार रु करोडमा | ३९.२६ | ५१.०१ | ५४.६९ | ६१.०९ | ५६.९७ | ६७ |
| २ | वित्तीय प्रगति प्रतिशत | ७८.३२ | ९०.२१ | ८६.४८ | ८१.१५ | ८३.७२ | ६१.३९ |
| ७ | चालु खर्च प्रतिशतमा | ८६.४४ | ९३.०९ | ९५.१६ | ८७.३ | ८३.७६ | ७२.२३ |
| ८ | पूँजीगत खर्च प्रतिशत | ६४.६२ | ८५.९६ | ७४.०५ | ७०.९३ | ७२.२२ | ३१.४३ |
| ४ | लिजा अङ्क | ० | ० | ५६ | ७५.५ | ९१ | आउन बाँकी |
| ५ | एफ आर ए अङ्क | ० | ० | ५०.५ | ८०.५ | ८८ | आउन बाँकी |
| ६ | एल ई डी | | | | ६५ | ८० | आउन बाँकी |
| ३ | बेरुजु अवस्था प्रतिशत | | २६.०८ | ३३.५७ | ६.७ | ६.३ | |
| ११ | बेरुजु फछ्र्यौट तथा न्युनीकरण | 0 | 0 | 0 | 0 | रु. २,०२,३७,७३८। - | |

सभा सदस्य ज्यू हरु,

उपरोक्त विवरण केवल जानकारीको लागी मात्र संक्षिप्त रुपमा यर सभामा प्रश्तुत गरेको छु । यस उप्रान्त जनता समक्ष घोषण गरिएको स्वयत पत्रको पुर्ण विवरण र हरेक वर्षको कार्यप्रगति विवरण सहितको गुराँस स्मारिका चालु आ.वको लगत्तै सार्वजनिक गर्ने प्रतिवद्धता यस सम्मानित सभा समक्ष गर्न चाहन्छु । स्थानिय निर्वाचनमा जनता सामु घोष्ण पत्र सहित लिखित तथा मौखिक प्रतिवद्धता गरेका वाचा हरुलाई अधिकम कार्यान्वय गर्ने प्रयास निरन्तर गरिएको छ । यस अवधिमा व्यक्तिगत माग,ईक्षा अपेक्षा चाहना, व्यक्ति केन्द्रित योजना, अनुदान वितरण, पाईप वितरण, नगद आर्थिक सहयोग जस्ता कार्य लाई न्यूनिकरण गरि संस्थागत र सामुहिक हितमा मात्र वजेट विनियोजना गर्ने प्रयास गरिएको छ । यस अवधिमा सवै वडा कार्यालय निर्माण सम्पन्न भएका छन । करिव १०० भन्दा वढि विभिन्न प्रकारका भौतिक संरचना निर्माण भएका छन । आफ्नै लगानी वाट करिव १ करोड ८५ लाखमा पालिका कार्यालय को सम्पुण काम सम्पन्न गरिएको छ भने पालिको प्रमुख प्रशासकिय कार्यालय लगाएत वहुउदेशिय भवनको लागी करिव १० रोपनि जग्गा प्राप्तीको प्रकृया रहेको छ । यस अवधिमा करिव २५०० जेष्ठ नागरिकले निशुल्क स्वास्थ्य सेवा प्राप्त गर्नु भएको छ । यसैगरि लगभग ३५० जना गर्भवती

महिला, ५००० करिव महिला वालवालिका लगाएतका नागरिकले विभिन्न स्वास्य शिविर वाट सेवा उपभाग गरेका छन । यस अवधिमा केहि पुर्ण रुपमा र आशिक गरि विभिन्न योजना अन्तरगत ३००० जनाले आंशिक रोजगारी प्राप्त गरेको व्यहोरा यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु ।

गुराँस गाँउ पालिका स्थित गौरवको योजनाको रुपमा रहेको जिल्ला स्तरिय कृषि विकास तथा तालिम केन्द्रको स्थापनासंगै रोजगार सृजना गर्न सवै शाखाहरु अन्तर्गतका कामहरूलाई प्रभावकारी ढंगबाट संचालन गर्ने कार्यको थालनी गरिएको छ साथै कृषि र पर्यटन प्रवर्द्धन गर्नलाई गुराँस कृषि पर्यटन संवाद संगै कृषी क्षेत्रमा लगानी संवाद कार्यक्रमको समेत आयोजना गरि चलचित्र बोर्डका अध्यक्ष सहित राष्ट्रियस्तरका कलाकारहरुको समेत सहभागी गराई यहाँको चौतर्फी प्रचारप्रसारमा टेवा पुगाउन सफल भएका छौ यस कार्यक्रमले एक आपसमा सामाजिक, साँस्कृतक र आर्थिक सम्बन्ध स्थापित गर्ने कार्यक्रम अघि बढाइएको छ ।यसैविच संविधानले स्थानीय तहलाई दिएका अधिकार र जिम्मेवारी भित्र रहि गाउँपालिकालाई आवश्यक पर्ने ऐन, नियमावली, कार्यविधि, मापदण्ड, निर्देशिका आदीको निर्माण गरि कार्यान्वयनको चरणमा रहेका छन । चालु आर्थिक वर्षको पहिलो चौमासिक प्रतिवेदन सहितको सार्वजनिक सुनवाई वडादेखि पालिकास्तरमै सम्पन्न गरिएको छ ।यसका अलवा सवै वडा, पालिका भरका विषयगत क्षेत्र, शाखालगायतको कार्य प्रगति विवरण, विषयगत तथा शाखाहरुको समग्र आ.व. को विस्तृत विवरण हरेक आ. व. को अन्तमा जनता समक्ष पेश गर्ने हेतुले प्रकाशित गर्ने कामको थालनी समेत गरिएको छ ।चालु आ.व.को पूर्ण कार्य प्रगति विवरण आ.व.समाप्त भएको १ महिना भित्र प्रकाशित गरिने व्यहोरा समेत सम्मानित सभा समक्ष अवगत गराउँदै अब म आगामी आर्थिक वर्ष २०८१/०८२ को लागि प्रस्तावित विषयगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

## (१) आर्थिक विकासः

वास्तवमा सवै क्षेत्रको आर्थिक विकास अपरिहार्य छ । स्थानिय तहको सवलिकरण र आर्थिक विकासको लागी स्थानिय विशिष्टताको आधारमा आर्थिक आय आर्जनका सम्भावना हरु पहिचान गरि नेपाल सरकारले अवलम्वन गरेको दिगो विकास लक्षका सवै १७ वटै लक्षका सवै सुचकहरुको आधारमा सहयोग पुग्नेगरी स्थानिय तहको निती तथा कार्यक्रम तर्जु गर्ने प्रयास गरिएको छ । यस उप्रान्त संघिय सरकार र प्रदेश सरकार एव स्थानिय सरकारको योजना वजेट र कार्यक्रमको तादाम्यता मिलाएर यस आर्थिक वर्षको निती तथा कार्यक्रम र बजेटमा समेत समेटने प्रयास गरिएको छ ।

**(क) कृषि तथा पशुपंक्षी**

कृषिलाई निर्वाहमुखि उत्पादनमा मात्र सिमित नराखि यसलाई आधुनिक प्रविधिबाट व्यावसायिकरण गरेर गुराँसलाई कृषि पकेट क्षेत्रको रुपमा विस्तार गर्ने र वेरोजगारको चपेटामा रहेका युवाहरुलाई कृषि पेशाप्रति आकर्षण गर्न कृषिको आधुनिकीकरण कृषि विमाको व्यवस्था गर्ने निती अवलम्वन गरिने छ ।कृषि गुरु योजना निर्माण गरि दीर्घकालीन कृषी योजना सम्बन्धि नीति, रणनीति, कार्ययोजनाका साथ गुराँस गाँउपालिाका लाई आगामी २ वर्ष भित्र कृषिमा आधारित पुर्ण स्वरोजगार पालिका घोषणागर्ने गरी यस आर्थिक वर्षमा प्रमुख आधारभुततहका कामहरु गरिने छ ।

१ गुराँस गा.पा वडानं. ४ मा रहेको कृषी विकास तथा अनुसंधान केन्द्र लाई गाउपालिका वाट विशेष प्राँथमिक्ताका साथ गाँउपालिका भरका सवै किसान लाई कृषी कार्यमा सहयोग पुग्नुका साथै आन्तिरिक राजश्वमा समेत उल्लेख्य योगदान पुग्ने गरि संचालन गरिने छ ।

२ कृषी विकास तथा अनुसंधान केन्द्र लाई प्रभावकारी रुपमा संचालन गर्न पालिकाको एकल स्वामित्वमा ,व्यक्ति वा संस्थागत साभ्जेदारी वा लिज लगाएतका सवै प्रकारका सम्भावना हरु लाई अवलम्वन गरि पुर्ण स्वरोजगार पालिका को मर्म अनुसार स्वरोजगारमा सहयोग पुग्ने गरी संचालन गरिने छ ।

३ **"बाँझो जमिनको प्रयोग,उत्पादनमा सहयोग"** कार्यक्रमलाई यस बर्ष पनि निरन्तरता दिंदै यस अघिका प्रगतिको प्रतिवेदन सार्वजनिक गर्ने र आगामी आ.व को लागी बाँकी जग्गाको तथ्याङ्क संकलन गरि भूमि बैंक स्थापना गर्दै सो क्षेत्रमा विशेष नगदेबालीको खेती प्रवर्द्धन र व्यवस्थापन गर्ने निती अवलम्वन गरिने छ ।

४. रसायनिक मल र किटनासक औषधिको प्रयोगले माटोमाथिका जैविक असरलाई न्यूनिकरण गर्न र माटोको जैविक गुणमा ह्रास आउन नदिनको लागी स्थानीय स्तरमा प्रयोग हुने प्राङ्गारिक मलको उत्पादन प्रयोगलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ साथै प्राङगारिक मल उत्पादन का लागी आवश्यक पहल गरिनेछ ।

५. **"कृषकसँग अध्यक्ष"** कार्यक्रम अन्तरगत कृषि अनुसन्धान तथा विकास केन्द्र अन्तर्गत मौजुदा रहेका दक्ष जनशक्तीलाई कृषकको घरदैलो सम्म सेवा प्रवाह हुनेगरि व्यापक परिचालन गर्न, कृषिमा यान्त्रिकरण, प्रशोधन, माटो परीक्षणलाई निरन्तरता दिन, चक्लाबन्दी, संयूक्त खेतीलाई प्रवर्द्धन गर्ने निती अवलम्वन गरीने छ ।

६ **"गुराँसको सान रैथाने पहिचान"** अभियान संचालन गरिने छ । जस अन्तर्गत रैथाने बाली लगाउन प्रोत्साहन गरी उत्पादित कृषि उपजको बजारीकरण र संरक्षण गर्न **रैथाने बाली विऊ बैङ्क**को तथा

**जिन बैङ्कको** स्थापना गरिनेछ । उत्पादित वस्तु वितरण का लागी कृषी विकास तथा अनुसंधान केन्द्र लाई प्रभावकारी रुपमा संचालन गरिने छ। रैथाने कोशेली घर समेत स्थापना गरी पोषण सुरक्षा लाई समेत जोडेर रैथाने वालिको विकास गर्ने निती अवलम्वन गरिने छ।

७ कृषी जन्य उत्पादनहरु दुग्ध पदार्थ, मासुजन्य वस्तुको उत्पादनमा वृद्धि गर्न र बजारीकरण गर्नको लागी कृषकहरु लाई कृषि तथा पशुपालन व्यवसायमा आर्कषण गर्ने, पशुपंक्षीमा लाग्ने विभिन्न प्रकारका रोगको निदान गर्ने, गाइभैंसीमा वन प्रविधिबाट नश्ल सुधार गरिनेछ साथै कृषि तथा पशु विमा कार्यक्रमलाई प्रभावकारी रुपमा विस्तार गरी सबै कृषकको पहुँचमा पुऱ्याउने निती अवलम्वन गरिने छ ।

८ **"किसानको रहरःपहुँचमा सहर" कार्यक्रम लाई निरन्तरता दिदै** कृषी सहकारी संस्था ,सामुदायीक तथा निजी फर्म मार्फत थप कृषिजन्य, दुग्धजन्य बस्तुको व्यवस्थापन शित भण्डार तथा हाट बजार को माध्यम वाट उत्पादक र उपभोक्ताबीच सिधा सम्पर्क बढाउन सहकारी र निजी क्षेत्र को सहयोगमा नजिकका सम्भावित शहरहरु बजारहरुमा वजार तथा विक्रि स्थल, हाटवजार र निर्यात कर्ता संग सहकार्य गरि वजार व्यवस्थापनका कार्यको थालनी गरिने छ ।

९ कृषी क्याम्पस संचालनका लागी बनेका गुराँस ८ धरमपोखरा स्थित भवन लाई कृषी प्राधिक कलेज, अटो मेकानिकल, सवारी चालक तालिम केन्द्र,सवारी साधन मर्मत तथा तालिम केन्द्र, वयटर,कुक, टुर गाईड लगाएत पर्यटन उद्यम तालिम जस्ता रोजगार तालिम तथा प्राविधिक कलेजको रुपमा संचालन गरिने छ।

१० अपांगता भएका व्यक्ति दलित, जनजाति, लैङ्गित तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्तिको नाममा दर्ता भई सञ्चालनमा रहेका व्यावसायिक कृषि फर्महरूलाई कृषि पेशामा आवद्ध हुन प्रोत्साहन गर्नको लागी निशुल्क दर्ता शिविर संञ्चालन गरिनेछ ।साथै एक वडा एक उद्योग कार्यक्रम मा प्राथमिक्ताका साथ सहभागी गराउने निती अवलम्वन गरीने छ।

११ कृषी विकास तथा अनुसंधान केन्द लाई कृषक तालिम केन्द्रको रुपमा स्थापना गर्ने साथै लक्ष्मी मावि रत्तीखोला मा संचालित वालि विज्ञान तर्फको आई एस ई ए जि कार्यक्रम लाई पुन संचालन गर्न आवश्यक पहल गरिने छ। यस उप्रान्त कृषक खेतवारी लाई प्रयोगात्मक पाठशालाको रुपमा संचालन गरिने छ।

१२ गुराँस गाउँपालिकाबाट सहुलियत ऋण तथा अनुदान प्राप्त गरेका फर्म व्यक्तिको अनुगमन गरि सम्झौता बमोजिम को पुर्ण पालिना गर्ने सम्झौता बमोजिम नभएका,दुरपयोग भएका सहयोग, कर्जा र अनुदान रकम असुल उपर गर्ने र वास्तिविक किसान कृषी व्यवसायी तथा पशुपालन व्यवसायीलाई थप प्रोत्साहन गर्न कृषकमैत्री कार्यक्रम संचालन गरिने छ र सहुलियत ऋण अनुदान रकम दुरुपयोग भएको भएमा रकम असुलउपर गर्न सवै कानुनि प्रकृया अवलम्वन गरिने छ ।

१३ गुराँस गाँउपालिका लाई कृषि उद्यम मा आधारीत पेशा व्यवसाय लाई प्राथमिक्ता दिदै प्रदेश र संघिय सरकार वाट प्राप्त बजेट कार्यक्रम लाई पुर्ण स्वरोजगार अभियान अन्तरगत सहयोग पुग्ने गरी संचालन गरिने छ ।

**ख पर्यटन**

गराँस गाँउपालिकालाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न यस अघिका आ व मा तयार पारिएका नीतिहरुलाई निरन्तरता दिदै १० गुरु योजना तैयार पारी पर्यटन क्षेत्रलाई प्रोत्साहन गर्न कृषी पर्यटन, बन पर्यटन, शाहसिक पर्यटन लगायतका पर्यटकिय कार्यलाई निरन्तरता दिने निती अवलम्वन गरिने छ ।

१ आन्तरिक र बाह्य पर्यटकलाई आकर्षण गर्नको लागी गाउँपालिका क्षेत्रमा रहेका सम्भावित पर्यटकीय स्थलहरुको पहिचान गरेर मर्मत सम्भार र संरक्षण एव नयाँ स्वरुपमा निर्माण प्रचारप्रसार गर्ने र पर्यटकिय स्थलको डिजीटल एव बुक प्रोफाइल तयार गरी प्रचार प्रसार गर्ने निती अवलम्वन गरिने छ ।

२ पर्यटन क्षेत्र घोषणा गर्नको लागी आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्नुको साथै आवश्यक पर्यटकिय आर्कषणका कार्यक्रम तय गरि निर्माण गरि आगामी आ व लाई VISIT GURANS 2026 को रुपमा मनाउन आवश्यक बजेट विनियोजन गरिनेछ ।

३ गुराँस गापाको सर्वोच्च स्थानमा रहेका क्षेत्रलाई हिल स्टेशनको रुपममा विकास गर्ने, कर्णाली नदिमा डुंगेश्वर ऱ्याफ्टिङ्ग र जलयातायात संचालन को लागी आवश्यक पहल गरिने छ । साहसिक खेल जिपलाइन, प्याराग्लाइडिङ्ग, बन्जी जम्पिङ्ग, हिल म्याराथुन साईकिलीङ्ग, सुईङ्ग लगाएतका पर्यटकिय गतिविधी संचालन गन नीजि क्षेत्रलाई आकर्षण गरि लगानीको वातावरण तयार पारिनेछ साथै त्यस्ता खेल संचालन गर्ने स्थान÷स्थल आदीको संभाव्यता अध्ययनको लागी दक्ष जनशक्ति परिचालन गरि Data संकलन गर्ने कार्य अघि बढाइनेछ

।डिपी आर तयार गरी पर्यटन वोर्ड र पर्यटन मंत्रालय संग समन्वय गरी पर्यटन विकासका कार्य गरीने छ ।

४ गुरास का पर्यटकिय क्षेत्रमा बनभोज स्थल, वोटानिकल पार्क, चिल्ड्रेन पार्क, धार्मिक र पर्यटकिय महत्वका मठ मन्दिर,गुफा, पदमार्ग तथा हाईकिङ्ग रुट, होम स्टे, फिसिङ्ग केन्द्र, ताल तलैया, भ्यू प्वाईन्ट, लगायत देखि मनोरंजन र पर्यटक आर्कषणका क्षेत्रको निर्माण, संरक्षण मर्मत र पुनःनिर्माण गरि पर्यटकिय आर्कषणका केन्द्रका रुपमा विकास गरिने छ ।

५ गुराँस पाहुनाघर गुराँस परिकार गृह, पर्यटक सुचना केन्द्र स्थापना स्थानीय रैथाने उत्पादन र परिकार मेला उत्सव तथा कला संस्कृति प्रतियोगिता एवं गुरास गाउँपालिकाको मौलिकता झल्किने विभिन्न पर्यटकिय महोत्सव संचालन गरिनेछ ।

६ पर्यटन सुचना केन्द्र, पर्यटन संग्रहालयको स्थापना, स्थापित पर्यटक कोशेली घरको प्रवर्द्धन र विस्तार गरी स्थानीय रैथाने उत्पादित बस्तु तथा परिकारको संकलन, विभिन्न समुदायको पहिचान झल्किने कला संस्कृतिको विस्तार कार्य गरिने छ ।

७ लोपोन्मुख राउटे समुदाय लगायत गाँउपालिका भित्रका मुख्य आदीवासी तथा जनजाती र खसआर्यको संस्कृति झलकने संग्राहालय, वृतचित्र आदिको क्रमागत रुपमा निर्माण, प्रवर्द्धन र सम्बर्द्धन गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।साथै गुराँस गाँउपालीका भित्र राउटे समुदायलाई स्थायी वसोवास गराउन नमुना वस्ती विशेष क्षेत्र घोषण गरि स्थाई वसोवास गर्न पहल गरिने छ ।

८ पर्यटकलाई आर्कष्ण एव प्रोत्साहन गर्न यस अघि संचालनमा रहेका बृक्षारोपण कार्यक्रम सहित हिल गार्डेन, रोड गार्डेन होम गार्डेन , अफिस गार्डेन , पव्लिक गार्डेन निमार्णका साथै सवै सरकारी कार्यालय लाई आर्कषक वगैचा सहितका विशेष कार्यक्रमलाई निरन्तरता दिदै अन्य बाँकी रहेका वजारक्षेत्र लगायत सरकारि तथा सार्वजनिक क्षेत्रमा हरियाली कायम राख्न आवश्यक बजेट विनियोजन गरिने छ ।

१२ आन्तरिक र बाह्य पर्यटकलाई आर्कषण गर्न स्थानीय उत्पादनका परिकारलाई विशेष प्राथामिकताका साथ Branding गरिनेछ साथै पर्यटकीय क्षेत्रमा हुन सक्ने फोहोरमैला न्यूनिकरण गर्न विशेष सरसफाई अभियान र कार्यक्रम संचालन गरिने छ ।

१४ पर्यटयि क्षेत्रको विस्तार गर्न विभिन्न संञ्चारमाध्यम संग सहकार्य गरि विशेष प्रचार प्रसारका गर्नका साथै पालिकामा पर्यटन शाखा स्थापना गरि पयैटन प्रवद्धन का कार्य प्रबद्धन गरिने छ ।

१५ गाउँपालिकाको कार्यालयबाट आर्थिक भार व्यहोर्ने गरि पाहुनाऱ्पर्यटक सत्कार शाखा स्थापना गरि आगन्तुकको सेवा सहयोग र सत्कारका सहित दैलेख जिल्ला भरका पर्यटन सुचना र प्रचार प्रसारका विशेष कार्यक्रम समेत संचालन गरिने छ ।

**ग. उद्योग वाणिज्य तथा रोजगार** ।

१. एक वडा एक उद्योग कार्यक्रम लाई निरन्तरता दिदै आय आर्जनका लागी लघु उद्यम विकास कार्यक्रम मेडपा मार्फत् स्थानीय कच्चा पदार्थ, श्रम, सीप र प्रविधिको उपयोग गरि यस आर्थिक वर्षवाट वन उपभोक्ता समिति, सहकारी तथा समुहहरु संग साझेदारीमा स्वरोजगार तथा आय एवं सीप परीक्षण गरि सवै वडामा स्थानीय विशिष्टता र आवश्यक्ता औचित्यको आधारमा रोजगार तथा सीप मुलक उद्योग स्थापनामा गरी पुर्ण स्वरोजगार पालिका कार्यक्रम लाई सहयोग पुग्ने गरी कार्यक्रम गरीने छ ।

२. महिला उद्यमीका लागि आवश्यक तालिम, प्रविधि हस्तान्तरण, बिउ पुँजी, एवं रोजगार मुलक तथा स्थानीय रैथाने सीप प्रविधिको मा व्याज सहुलियत जस्ता प्रावधान र प्रविधि सहित उपाध्यक्ष संग उद्यमी महिला कार्यक्रमू लाई निरन्तरता दिईने छ ।

३. सामुदायिक वन गुराँसको धन कार्यक्रम लाई निरन्तरता दिदै सामुदायीक बन उपभोक्ता समिती लाई व्यवस्थत ढंग वाट उत्पादन तथा रोजगार संग जोडेर प्रभावकारी रुपमा संचालन गर्ने निती अवलम्वन गरिने छ । साथै कृषि वन, वन पर्यटन, पर्यापर्यटन,जडिवुटि खेति, संकलन, प्रशोधन जस्ता उद्यम लाई प्रोत्साहित गर्दै घरेलु प्रयोजनमा आउने तथा व्यवसायी बन्दै गएका उत्पादन जस्तै अम्लीसो, टिमुर ओखर, काफल, चुत्रा, भांगो ऐसेलु, डौणे, न्यूरो अमला, गुराँस आरु वखरा सिस्नु जस्ता उपयोगी बनस्पती लगाएतका जडिबुटि र वनस्पती लाई व्यवस्थित ढंगवाट आयमुलक उद्यम अन्तरगत संचालन गर्ने गराउने निती अवलम्बन गरिने छ ।

४. सीपमुलक तालिम संचालन र रोजगार सृजना गर्न विभिन्न प्राविधिक तालिम, कम्पूटर, मोवाईल,ल्यापटप मर्मत, सवारी साधन वेल्डिङ्ग, कपाल काटने पलम्विङ्ग, वायरिङ्ग, पेण्टिङ्ग, कार्पेण्टर,नेपाली कागज, फर्निचर, वयटर, कुक, अटोमेकानिक, डाईभिङ्ग, कफि व्वाय, चिप्स फिंगर चिप्स, वाईन, आयूर्वेद चिया, सावुन, फलाम औजार, उद्योग, जुस उद्योग, वाइन

उद्योग, जडिवुटी प्रशोधन, अदुवा, अमला क्यान्डी, जाम, जेली अचार जस्ता न्युनतम लगानीका शिप मुलक तालीम संग उद्योग व्यवसाय संचालन लाई प्रोत्साहन गरिने छ ।

५. निजी क्षेत्रको लगानी भित्र्याउन सार्वजनिक निजी साझेदारी कार्यक्रम मार्फत् कृषि तथा पशुपालन क्षेत्रमा **गुराँसमा लगानी, हुनेछ आम्दानी** कार्यक्रम लाई निरन्तरता दिदै लगानीकर्ता आकर्षित गर्न लगानी मैत्री नीतिलाई अविलम्वन गरिने छ, यसका लागि गुराँस लगानी सम्मेलनलाई निरन्तरता दिदै लगानी कर्तालाई आर्कषित गर्ने निती अवलम्वन गरिने छ ।

६. स्थानीयस्तरमा पाईने कच्चा पदार्थ, श्रोत र साधनको उपयोग संरक्षण विस्तार र बजारीकरणको लागी नेपाली कागज तथा लोक्ता, सिस्नो, गाँजा, केराको रेसा, अल्लो,केतुकी लगाएतका रेसादार बनस्पति वाट उत्पादन हुन सक्ने सामग्रीको सम्भावना अध्ययन र तयारीको लागी विभिन्न तालिम संचालन गरीने ।

७. विकास निर्माणमा निजि क्षेत्रको संलग्नता गराउनको लागी गुराँस उद्योग वाणिज्य संघलाई तथा उद्योग व्यवसायी हरुका विभिन्न संघ महासंघ लाई सक्रिय बनाउन र पालिकाको सर्वाङ्गिण हित र पालिका प्रति अपनत्त्व कायम गराउनको लागी विभिन्न व्यवस्थापकीय कार्यक्रम संचालन गरिने छ।

८. स्वच्छ खानेपानी हकलाई सुनिश्चितता गर्नको लागी पालिकास्तरमा शुद्ध पिउने पानीको प्रशोधन केन्द्रको स्थापना गरिनेछ साथै पेय पदार्थको रुपमा पालिकामा पाईने गुँरासको जुसलाई व्राण्डको रुपमा स्थापित गरिनेछ साथै यसलाई व्यवसायीक उत्पादन एव वितरण गरिने छ ।

९. पालिका भरिका रोजगार दाताहरुको लगत संकलन गरि दीगो रोजगारीको लागी आवश्यक अभियान संचालन गरिने र आगामी २ वर्ष भित्र न्यूनतम तथा आधारभुत पुर्ण रोजगारी र आत्मनिर्भर गाउँपालिका घोषणा गरिनेछ यसका लागी रोजार बैकं र श्रम बैकं स्थापना गरी आवश्यक कार्य गरीने छ ।

१०. बैदेशिक रोजगारवाट फर्केका दक्ष जनशक्तिको लगत संकलन गरि उनिहरुको शिप र श्रम लाई उचित सदुपयोग गरी उद्यम र व्यावसायमा संलग्न गराई व्यवसाय अभिवृद्धिको लागी आवश्यक सहयोग गरिने नीति अवलम्बन गरिनेछ ।

## घ सहकारी, संस्था तथा वित्तीय क्षेत्र ।

१. गुराँस गाउँपालिका भित्र कार्यक्षेत्र बनाई कार्यान्वयनमा सहकारी संस्थाहरुलाई बचत तथा ऋणमा मात्र सिमित नराखी उद्देश्यमुलक, विषयगत तथा बहुउद्देश्यीय सहकारी सञ्चालनमा जोड दिनुका साथै त्यस्ता सहकारीको प्रभावकारी मुल्याङ्कन प्रणालीका आधारमा प्रोत्साहन, वचाउ ,कार्वाही र खारेजीको लागी कानून अनुसार व्यवर्सथित गरीने छ ।

२. पालिकाभित्रका विभिन्न उदेश्यले स्थापित सहकारीले आ आफ्नो कार्यक्षेत्रमा निश्चित उदेश्य स्वरुप प्रभावकारी रुपमा संचालनको लागी वडा देखि पालिकाभर कार्यक्षेत्र रहने सहकारीलाई संचालन र व्यवस्थापनको लागी विशेष कार्यक्रम तथा कार्यविधि निर्माण गरी प्रभावकारी ढंगवाट संचालन गरीने छ ।

३. सहकारी क्षेत्रले व्यहोरेको आर्थिक,व्यवसायीक, प्रशासनिक एवं व्यवस्थापकीय क्षमतामा आउने आरोप र गुनासो तथा चुनौति लाई सामना गर्न सहकारी ऐन बमोजिम संचालन गर्ने निती अवलम्वन गरीने छ ।

४. साना किसान सहकारीलाई स्थापना गन एव पालिकाको पहलमा बचत तथा ऋण सहकारी संचालन गरि प्रत्यक्ष जनता लाभान्वित हुनेगरि सामुदायीक बैंक तथा सामुदायिक लघु बचत र विमाकोषको स्थापना एव संचालन गरिने छ, अध्यक्ष संग वालवालिका, जिवन सुरक्षा कोष, जोखिममा रहेका वालवालिका को सन्धर्वमा रहेका सवै बचत र कोषको हाल सम्मको हरहिसाव छानविन गरी निरन्तरता सम्वन्धि विशेष विधी तथा कार्यक्रम संचालन गरीने छ ।

५. सहकारी क्षेत्रको सहभागिता र विकास मार्फत स्थानीय स्तरमा छरिएर रहेको श्रम, सीप, प्रविधि र पुँजीलाई एकीकृत गरी उत्पादन, उत्पादकत्व र रोजगारी मा जोडेर पुर्ण स्वरोजगार पालिका अभियानमा जोडेर लैजाने निती अवलम्वन गरीने छ ।

६. पालिकाबाट नागरिकस्तरमा वितरण हुने कृषि सामग्री मल, बिउ, कृषि औजार, प्रविधि लगायतका विभिन्न कृषि जन्य उत्पादन र वितरणका कार्यक्रममा सहकारी संस्था मार्फत वितरण गरिने सहयोग गर्ने र विशेष गरि स्थानीय प्रांगारिक तथा कम्पोष्ट मल उद्योगमा सहकारीलाई लगानी गर्न प्रोत्साहनको व्यवस्था गरिनेछ

७. महिला सहकारी संस्था मार्फत संचालित सहुलियत खाद्य पसल, मिल उद्योग तथा कृषि जन्य उत्पादनका बिक्रि कार्यलाई निरन्तरता दिन सहुलियत भाडाको उपलब्धतालाई निरन्तरता गरिनेछ साथै उत्कृष्ट रुपमा सहुलियत खाद्य पसल संचालन गर्ने सहकारी संस्थालाई सम्मान र प्रोत्साहन दिइनेछ । सहुलियत सुविधाको दुरपयोग गर्ने व्यक्ति र सहकारी लाई कार्वाहिको दायरामा ल्याउने निती अवलम्वन गरीने छ ।

८. गुणस्तरीय स्वच्छ खाद्यान्न लगायत दैनिक उपभोग्य सामाग्री उपलव्ध गराउन वडास्तरमा रहेका सहकारी संस्थाको माध्यमवाट सुपथ मुल्यको सहुलियत उपभोक्ता पसल, मार्ट, ग्रोसरी संचालन गरेर सुपथ मुल्यमा खाद्यान्न लगाएतका संचालन गरिने छ ।

९. पालिका भित्र दर्ता गर्नेरगर्न चाहने र कार्यक्षेत्र वनाई कार्य गरेका र गर्न चाहने गैह्र सरकारी संस्था संचालन परिचालन तथा नियमन र साझेदारी नीति वारे प्रभाकारी नीति निर्माण गरि कार्यान्वयन गरिने छ ।

## ५ सामाजिक विकास

### क शिक्षा

१. विद्यार्थि र अविभावक लाई सरकारी विद्यालयमा आकर्षण गर्न अङ्ग्रेजी भाषामा अध्ययनको व्यवस्था, प्रविधि मैत्री शिक्षा पर्णाली ,एव पालिका केन्द्रमा आटि तालिम केन्द्र एव अनलाईन शिक्षा व्यवस्था सहित विद्यालय मर्ज तथा एकिकरण, दरवन्दि मिलान र विग स्कुल संचालन कार्यलाई प्रोत्साहन गरिने छ । विद्यालय लाई यातायात सेवा, भौतिक निर्माण लगाएत विभिन्न सेवा उपलव्ध गराउने निती अवलम्वन गरिने छ ।

२. गुरुँस गाँउपालिकाको शिक्षाको शासकीय सुधार, शैक्षीक क्षेत्रको व्यवस्थापन गर्न, दीर्घकालिन मार्गचित्र तयार पारि शिक्षासुधारका लागी कानूनी नीतिगत र संस्थागत सुधार गरिनेछ। साथै अध्यक्ष शैक्षिक सुधार कार्यक्रम लाई निरन्तरता दिईनेछ ।

३. शैक्षीक क्षेत्रको काम व्यवस्थापन र लक्ष निर्धारण गर्नको लागी १० वर्षे शिक्षा गुरुयोजना, रणनिती , शिक्षा निती र स्थानिय पाठय पुस्तक लाई तत्काल १ देखि ८ कक्षा सम्म लागु गर्ने व्यवस्था गरीने छ ।

४. हरित विद्यालयको अवधारणा बमोजिम विद्यालयको वातावरण पर्यावरणलाई हरभरा बनाउन हरियाली विद्यालय विशेष कार्यक्रम लाई निरन्तरता गरिनेछ माध्यामिक विद्यालयमा अध्ययरत विद्यार्थिहरुको लागी व्यवहारिक शिक्षाको कार्यान्वयन गर्न र

सिकाईको रुपमा समेत लागु गर्न यस वर्ष कम्तीमा ४ वटा विद्यालयमा पढदै कमाउदै कार्यक्रम संचालनको लागी आवश्यक कार्यक्रम संचालन गरीने छ ।

५. विद्यालयको गुणस्तर अभिवृद्धि गर्न विद्यालयमा गरिने क्रियाकलापहरु सुशासनमैत्री, प्रविधिमैत्री, बालमैत्री, किशोरीमैत्री, अपाङ्गतामैत्री, स्वच्छ खानेपानीयुक्त र वातावरणमैत्री विद्यालय संरचना बनाई प्राविधिक शिक्षा, उच्च शिक्षा, विद्यालय सुधार कार्यक्रम, किशोरी शिक्षा कार्यक्रम, अविभावक शिक्षा, वैकल्पिक शिक्षा कार्यक्रम, बालविकास केन्द्रको भौतिक विकास लगायत सस्थागत सुदृढिकरण, स्थानीय पाठ्यक्रम विकास, नैतिक शिक्षा जस्ता नविनतम शिक्षण विधिको लाई प्रोत्साहन गरीने छ ।

६. कार्यसम्पादन मुल्याङ्कनका आधारमा शिक्षक र कर्मचारी प्रोत्साहन , बाल विकास शिक्षक, सक्रिय अभिभावक तथा विद्यालय व्यवस्थापन समितिलाई प्रोत्साहन कार्यक्रम संचालन गर्ने नीति लागू गरिनेछ ।

७. विद्यालयका शिक्षकको अर्धवार्षिक क्षमता विकास तालिम सहित परिक्षा समेतका कार्य सम्पादन मुल्यांकन गर्ने व्यवस्था लागु गरिने छ। कार्यसम्पादन मुल्यांकन विद्यार्थी संख्या, शैक्षीक उपलव्धी, सीकाई उपलव्धी, विद्यार्थी र शिक्षकको आचरण, अनुशासन, अतिरिक्त कृयाकलाप लगाएतका विषय लाई शिक्षक वृत्ती विकास र सम्मान, प्रोत्साहन वा दण्डको आधारमा शिक्षा क्षेत्रलाई व्यवस्थित र मर्यादित बनाउने निती अवलम्वन गरीने छ ।

८. पालिकाभित्रका सम्पूर्ण विद्यालयको लेखापरीक्षण पालिकामा मौजुदा जनशक्ति आन्तरीक लेखापरीक्षक बाट प्रभावकारी रुपमा गर्ने र महालेखा परिक्षक वाट स्वईकृत हुने ढाँचामा मा मात्र लखा परिक्षण गर्ने व्यवस्था लागु गरीने छ ।

९. विद्यालय शिक्षक कर्मचारीको तलव भत्ता तथा सेवा सुविधा एकिकृत रुपमा सुत्र प्रणालीवाटै शिक्षक कर्मचारीको सिधै बैंक खातामा मासिक रुपमा भुक्तानि गर्ने व्यवस्था गरिनेछ ।

१०. बौद्धिक सम्पत्ति नवप्रवर्द्धन र अनुसन्धानलाई सृजनात्मक ज्ञान सीप र समुदायसंग जोड्न र जिवन्त राख्नको **गुराँस प्रज्ञा प्रतिश्ठान** गठन गरी शिक्ष क्षेत्रको अध्यन अनुसन्धानकाय संस्थागत रुपमै गर्ने व्यवस्था गरिनेछ ।

११. **<u>हाम्रो विद्यालय, राम्रो विद्यालय</u>** भन्ने अभियानका साथ पालिका भित्रको समग्र शैक्षिक गुणस्तर अभिवृद्धि गर्न, शिक्षक, विद्यार्थी र अभिभावकहरुका बिच व्यापक रुपमा अन्तरक्रिया तथा तालिम प्रशिक्षण प्रोत्साहन कार्यक्रम संचालन गरि विद्यालय तथा विद्यालय परिवारको एवं व्यवस्थापन समितिको समेतक्षमता अभिवृद्धीका साथ विभिन्न अभियान हरु र दिवसिय कार्यक्रम हरु संचालन गरिने छ ।

१२. सबै विद्यालय  वार्षिक विद्यालय सुधार योजना तथा मासिक रुपमा विद्यालय सुधार कार्यायोजना तथा कार्यक्रम निर्माण  गरि पेश गर्न पर्ने छ। त्यसमा निर्दिष्ट लक्ष्यहरु हाँसिल गर्नका लागि पालिकाबाट निरन्तर अनुगमन, मूल्याङ्कन र पृष्ठपोषणमा जोड दिइनेछ यस कार्यको लागी मासिक रुपमा विद्यालय प्र अ को नियमित बैठक लाई अझ प्रभावकारी र व्यवस्थित रुपमा आयोजना गर्ने व्यवस्था मिलाईने छ ।

१३. भौगोलिक क्षेत्रलाई र विद्यार्थि संख्यालाइ लक्षित गरि आवश्यकता पहिचान गरेर विद्यालय एकिकरण र शिक्षक दरवन्दि मिलान लाई प्राथमिक्ता दिदै आवासीय विद्यालय र विग विद्यालय संचालनको लागी समेत आवश्यक पहल गरिनेछ ।

१४. विद्यार्थीहरुलाई दिवा खाजाको लागी स्थानीय रैथाने उत्पादनलाई विशेष कार्यक्रम संचालन गरी व्यवस्थापन कार्य गरीने छ ।

१५. कृषि क्याम्पस धरमपोखरालाई व्यवस्थित रुपमा संचालन गर्नको लागी  प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यक्रम हरु संचालन गरिनेछ ।

१६. पालिका क्षेत्रभित्र संचालनमा रहेका क्याम्पसको भौतिक पूर्वाधार, संस्थागत विकास, र प्राशसनिक सुधारको लागी आवश्यक सहयोग प्रदान गर्ने कार्यविधि तयार पारी अनुदान लगाएतका प्रोत्साहन कार्यलाई निरन्तरता दिँदै क्याम्पसको दीगो विकास र संचालनकोलागी शैक्षिक गुणस्तर कायम गर्न क्याम्पसलाई थप प्रोत्साहनको लागी आवश्यक कार्य गर्ने निती अवलम्वन गरीने छ ।

१७. यस अघि संचालनमा रहेको द्वन्द्वपिडित, दलित, अपाङ्गता भएका, गरिब, जेहेन्दार, सिमान्तकृत, आदिवासी, जनजातीविद्यार्थीहरु मध्ये उत्कृष्ट ग्रेड तथा अंक ल्याई एस ई ई र कक्षा १२ उतिर्ण गर्ने विद्यार्थीहरुलाई उच्च तथा प्राविधिक शिक्षा अध्ययनका लागि प्रोत्साहन स्वरुप छात्र वृत्ती उपलब्ध गराइने कार्यक्रम लाई निरन्तरता दिईनेछ छ। साथै, अन्य विधामा पनि उत्कृष्ट हुने विद्यार्थिहरुलाई समेत प्रोत्साहन गरीने छ ।

१८. सेनेटरी प्याड वितरण र विर्सजन कार्यलाई थप व्यवस्थित गरीने छ। सेनेटरी प्याडको गुणस्तर लाई उच्च प्राथमिक्ता राखि खरिद गरीने छ।

१९. गुराँस सरकारले तयार गरेको स्थानीय पाठ्यक्रमलाई व्यवहारिक शिक्षा,नैतिक शिक्षा, सदाचारितामा आधारित शिक्षा,पूर्व व्यावसायिक शिक्षा दिन स्थानीय पाठ्यपुस्तक कक्षा ८सम्म तैयार पारी पढाइ समेत संचालन गरिने छ ।

२०. भर्चुअल शिक्षा प्रणाली विद्यार्थि प्रवन्ध अन्तर्क्रियात्मक ई(लर्निङ सामग्रीको डिजिटल प्लेटफर्म व्यवस्था तथा शिक्षक मेन्टरिङमा आधारित आकर्षण शिक्षण कलामा सघन तालिमको व्यवस्थाको लागी माध्यामिक विद्यालयहरुमा व्यवस्थित पुस्तकालय, ई(लाइब्रेरी, कम्प्युटर ल्याव निर्माण, श्रव्य दृश्य सामग्री र इन्टरनेट सेवा क्रमागत रुपमा जडान गरि प्रविधिमैत्री शिक्षालाई विस्तार गरिनेछ । साथै डिजिटल शिक्षाँ लाई प्राथमिक्ता साथ कार्य गरिने छ।

२१. सबै तहका शिक्षकको पेशागत विकासको लागी पुनर्ताजकी तालिम, ICT/डिजिटल साक्षरता सम्बन्धि तालिम, शैक्षिक अवलोकन भ्रमण, अनुभव आदानप्रदान लगायत अन्य क्षमता अभिवृद्धिका कार्यक्रम संचालन गरिनेछ ।

२२. **उपाध्यक्षको ईच्छा, छोरी बुहारीलाई उच्च शिक्षा** कार्यक्रमको स्वरुपमा प्रभावकारी रुपमा संचालन गर्ने गरी निरन्तरता दिईएको छ यसको लागी आवश्यक कार्यविधि निर्माण गरेर दीगो रुपमा कार्यान्वयन गरिनेछ ।

२३. हाल माध्यामिक विद्यालयमा ई हाजिरी लागू भएकोमा आगामी आ व मा सबै विद्यालयमा ई(हाजिर अनिवार्य लागु गरिने छ साथै लेखा समेतको काम लाई व्यवस्थीत गर्ने गरी विद्यालय शिक्षा सुधार सफ्टवयर पर्णाली लागु गरीने छ।

## २ स्वास्थ्य

१. दिगो विकास लक्षको अवधारणा अन्तर्गत प्रतिकारात्मक र उपचारात्मक दुवै विधिलाई गुराँस गाउपालिकाको स्वास्थ्य क्षेत्रमा विकास गर्न संघ प्रदेश सरकार संग सहकार्य र समन्वय गरिनेछ यसका लागी गाउँपालिकाले गुराँस ४ रत्तिखोला अवस्थित १५ शैया अस्पताल लाई यसै वर्ष संचालन गर्ने गरी काम सम्पन गर्ने निती अवलम्वन गरेको छ।

२. जनसंख्या भूगोल र देखापरेका आवश्यक स्वास्थ्य सेवाको भारका आधारमा गुराँस गाउँपालिकाका सबै वडाका नागरिकहरुलाई सुलभ सस्तो र गुणस्तरीय स्वास्थ्यसेवाको विस्तार गर्न एकिकृत स्वास्थ्य सेवा प्रणाली लागू गरिनेछ भने नियमित स्वास्थ्य घुम्ती शिवीर हरु संचालन समेत गर्ने निती अवलम्वन गरीने छ ।

३. HPV खोपलाई गुराँस गाउँपालिका क्षेत्रभित्र रहेका सवै बालिकाहरुका लागी उपलव्धताको ग्यारेण्टी गरिने छ ।

४. गुराँस गाउँपालिका ५ रानीमत्तामा सञ्चालित अस्पताललाई दरवन्दी अनुसारको डाक्टरको व्यवस्था गरि २४ घण्टा स्वास्थ्य सेवा प्रदान गरिनेछ ।यसका अलवा गुराँस अस्पताल परिसरबाटै विरामीले आवश्यक औषधी प्राप्त गर्नसक्ने गरि गुराँस फार्मेसी थप व्यवस्थापन गरिनेछ र मुटु, दम, क्यान्सर, मृगौला, प्रेसर लगायतका दीर्घ रोगीहरु तथा ज्येष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य जाँच र सहुलियत दरमा औषधी समेतको व्यवस्था अस्पताल परिषर वाटै गर्ने व्यवस्था मिलाईने छ ।

५. आयुर्वेद, आरोग्य उपचार र ध्यान एव योगा केन्द्रको रुपमा स्थापित गुराँस अस्पतालको सेवालाई थप प्रवर्द्धन र विस्तार गर्नको लागी दक्ष स्वास्थ्यकर्मी, आयुर्वेदकर्मी, उपकरण, प्रविधि, भौतिक पूर्वाधार, जनशक्ति, शाखा व्यवस्थापन, औषधि व्यवस्थापन, लगायतका अन्य अत्यावश्यक सेवाको व्यवस्थापन गर्दै सो अस्पताललाई पाँच शैय्याको आयुर्वेद अस्पतालको रुपमा स्थापना गर्न आवश्यक प्रक्रिया अघि बढाईने छ ।

६. १५ शैय्या अस्पताल भवन को मुख्य भौतिक संरचना आ.व २०८२।८३ मा सम्पन्न गरि सेवा संचालन कार्यहरु गरिनेछ साथै सो अस्पताल सम्म आवतजावत गर्ने पक्की नाला सहित सडक पुर्वाधार मर्मत र स्तरोन्नतीको कार्य थालनी गरिने छ ।

७. गुराँस गाँउपालिका भरका सवै महिला स्वास्थ्य स्वयम सेविकाज्यू हरु लाइ प्रदान गरिएको स्वास्थ्य विमा सुविधा लाई निरन्तरता दिदै स्वयम सेविका कोष लाई थप व्यवस्थित गरी स्वयम सेविकाज्यू हरुको लागी विशेष कार्यक्रम संचालन गरीने छ ।

८. स्वास्थ्य मा अर्को चुनौतिका रुपमा रहेको मानसिक स्वास्थ्य समस्या न्यूनीकरणको लागी विद्यालय र समुदायस्तरमा मानसिक स्वास्थ्य परामर्श र उपचार सेवालाई साझेदार संस्था सि एम सि नेपाल लगायतसँगको सहकार्यमा **सुन्दर छ जिवन कार्यक्रम लाई** निरन्तरता दिदै यसलाई अझ प्रभावकारी ढंगवाट नागरिकको घरदैलो सम्म सेवा प्रवाह गरिनेछ ।

९. संक्रामक रोगको रोकथाम र महामारी जन्य रोगको प्रतिकार्यका लागी जनस्वास्थ्य निगरानी प्रणालीलाई सुदृढिकरण गरिनेछ यसका लागी स्वास्थ्य शाखा, गुराँस अस्पताल र विपद व्यवस्थापन शाखाका जनशक्तिको परिचालन गरि २४ घण्टा सतर्क अवस्थामा राखिनेछ सो प्रयोजनको लागी **आकस्मिक सहायता कोष** स्थापना गरी आकस्मिक सहयोग कार्यलाई प्रभावकारी बनाईने छ ।

१०. पालिकाभित्रका सबै बर्थिङ्ग सेन्टरलाई मापदण्ड वमोजिम प्रभावकारी तथा गुणस्तरीय सेवा प्रदान गर्नसक्ने गरि स्तरवृद्धि तथा सुविधा सम्पन्न गरिनेछ साथै २४ घण्टासम्म सुत्केरीलाई बस्ने आवासको थप सेवा सुविधा सहित पूर्वाधार निर्माण कार्य देखि वर्थिङ्ग सेण्टरको मर्ज गरी थप सुविधा सहित वर्थिङ्ग सेण्टर लाई अझ व्यवस्थित रुपमा संचालन गरीने छ ।

११. गाउँपालिकाको साझेदारी संस्थाहरु संग सहकार्य गरेर आँखा,कान, जनरल लगायत पोर्टेबल अल्ट्रासाउण्ड सहितको गर्भजाँच सेवा प्रत्येक वडा स्तरमा घुम्ती शिविर कार्यक्रम लाई थप प्रभावकारी रुपमा संचालन गरिनेछ ।

१२. आपतकालिन उपचार सेवा चाहिने गर्भवती,जेष्ट नागरिक,अपांगता भएका व्यक्ति लाई स्वास्थ्य कर्मी र वडाको शिफारिस सहित कार्यविधि को आधारमा निशुल्क एम्वुलेन्स सेवा उपलब्ध गराइने छ।

१३. गुराँस गा.पा का जनतालाई स्वास्थ्य उपचारमा सहयोग पुरयाउन सम्पुर्ण घर परिवारलाई स्वास्थ्य विमाको दायराभित्र ल्याउन विशेष अभियान तथा कार्यक्रम संचालन गरिने छ ।

१४. **सुनौलो हजार दिन, उपाध्यक्षले भेट्ने छिन्** कार्यक्रम लाई निरन्तरता दिईनेछ, राउटे समुदाय, गर्भवती तथा हजार दिनका आमा र शिशु एवं किशोरीहरुको पोषणस्थितिमा सुधार ल्याउन बहुक्षेत्रिय पोषण कार्यक्रमलाई अझ प्रभावकारी रुपमा संचालनमा वडा स्तरमा महिला स्वयंसेविकाहरुलाई परिचालन गरिनेछ सो कार्यका लागी स्वयंसेविकाहरुलाई थप प्रोत्साहनको व्यवस्था गरिनेछ ।

१५. **ज्येष्ठ नागरिक जहाँ , स्वास्थ्यकर्मी तहाँ** अभियान तथा कार्यक्रम लाई निरन्तरता दिईने छ, ज्येष्ठ नागरिक, असहाय बालबालिकालाई भेटघाट, सम्मान, सहायता सामग्री, स्वास्थ्य सामग्री र न्यानो कपडा वितरण का साथै सवै वडा र सरकारी कार्यालय विद्यालयहरुमा समेत निःशुल्क ज्वरो चेकजाँच, तौल र रक्तचाप जाँच लागायत उपचारका आधारभुत स्वास्थ्य सेवा सहित नियमीत जेष्ट नागरिक स्वाथ्य सिविर हरु सञ्चालनमा ल्याइनेछ ।

१६. गुराँस गाउँपालिकाबाट अपाङगता परिचयपत्र प्राप्त गरेका व्यक्तिहरुको हकमा अपाङगताको प्रकृति र गाम्भिर्यता अध्ययन गरि पुनर्वितरण, बर्ग थपघट गर्न,नविकरण गर्न तथा अशक्त अपांगता भएका व्यक्ति लाई स्वास्थ्य शिविर संचालन गर्न एक विज्ञ कार्यदल गठन गरि शिविर संचालन गरिने छ ।

## ग खानेपानी तथा सरसफाई

१. **एक घर एक धारा, गुराँस सरकारको अविभारा** अभियान लाई सबै वडामा विस्तार गर्न सतहगत पानीको उपयोग तथा लिफ्टिङ एव आकासे पानिको प्रबिधि समेत प्रयोग गरी हरेक घरधुरीमा शुद्ध खानेपानीको पहुँच पुगाईनेछ, र सो आयोजनाको संरक्षण,संवर्द्धन र मर्मत कार्यलाई उपभोक्तालाई जिम्मेवार बनाई निरन्तरता दिईनेछ , पालिका भर रहेका सवै खानेपानि तथा सरसफाई उपभोक्ता समिती लाई र टोल विकास संस्था लाई परिचालन गरी खानेपानि तथा सरसफाई समिती गठन गरी संस्थागत ढंग वाट खानेपानि र सरसफाईको काम लाई व्यवस्थित गरिने छ ।

२ स्वच्छ खानेपानीको लागी प्रत्येक घरपरिवारलाई पानी शुद्धिकरण गरिने प्रविधिको प्रयोग गर्न र फिल्टरको प्रयोग गर्न सचेतनामुलक र अभिमुखिकरण तालिम प्रत्येक वडामा संचालन गरिनेछ साथै विपन्न घरपरिवार, एकल महिला, जोखिममा रहेका समूदायलाई फिल्टर वितरण गरिनेछ, पालिका स्तरमा पानि परिक्षण ल्याव स्थापना गरी नियमित परिक्षण कायलाई प्रभावकारी रुपमा संचालन गरिने छ ।

३ हाल संचालनमा रहेका तथा भविष्यमा खानेपानीको लागी प्रयोग हुन सक्ने महत्त्वपूर्ण पानीका स्रोत, सिमसार क्षेत्र र पानीका मुहानको संरक्षण, दीगो उपयोग र सरसफाई कार्यक्रमलाई नागरिकस्तरमा अभियानका साथ संचालन गरिनेछ साथै सुख्खा क्षेत्रमा

रहेका गाउँ टोलबस्ती लाई मध्यनजर गरि आवश्यक ठाँउमा सिँचाई रिचार्ज पोखरी निर्माण गरिनेछ ।

४ वातावरणिय प्रभावको अध्ययन गरि फोहरमैला व्यवस्थापनको लागी उचित स्थानमा डम्पिङ साईडर ल्याण्ड फिल्ड साइटको रुपमा विशेष क्षेत्र स्थापना र विस्तार गरिनेछ साथै फोहोरमैलाको निष्काशक , जिम्मेवार व्यवस्थापक हुनुपर्ने कुरालाई कडाईका साथ लागू गरिनेछ, गुराँस गाँउपाकिाक मुख्य बजार क्षेत्रबाट उत्पादन हुने फोहोरको संकलन बिसर्जन तथा व्यवस्थापनका लागि गल्ने, जल्ने तथा नगल्ने, नजल्ने फोहोर वर्गिकरण गर्ने व्यवस्था गरिनेछ ।

५ **घरको फोहोर, बनाऔं मोहर** को अभियानलाई निरन्तरता दिदै फोहोरमैला संकलन व्यवस्थापन सम्बन्धमा सरोकारवाला लाई आवश्यक सचेतनामूलक र अभिमुखिकरणका कार्यक्रम संञ्चालन गरिनेछ साथै गाँउपाकिाको सवै कार्यालय , विद्यालय र वाटो तथा राजमार्ग क्षेत्रमा विशेष सरसफाई अभियान एव कार्यक्रम संचालन गरिने छ ।

## घ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

२. महिलाहरुको सर्वाङ्गिण हक हित उत्थानको लागी आगामी आ व को बजेट तथा कार्यक्रममा सवलीकरण सम्बन्धि विशेष कार्यक्रमहरु संचालन गर्दै उनिहरु विरुद्ध रहेका सामाजिक कुप्रथा, हिंसा शोषण र भेदभावजन्य कार्य अन्य भएको घोषणा गरिने छ ।

३. गुराँस गाउँपालिकाले कार्यान्वयन ल्याएको जीवन सुरक्षाकोष अध्यक्ष संग वालवालिका, जोखिमा रहेका वालवालिका कोष लाई थप परिस्कृत गरेर संकलित पूँजीलाई उत्पादनमुलक क्षेत्रमा लगानी हुने गर्ने र हाल सम्मको कोष परिचालनको अवस्था लाई छानविन गरि प्रभावकारीता हेरी सवै कोष लाई निरन्तरता दिईनेछ यसका अवला बालबालिकाको शारिरिक तथा मानसिक विकास र संरक्षणकोको लागी पारिवारिक पुनर्मिलन, सामाजिक पुनर्स्थापना, र वैकल्पिक हेरचाहको व्यवस्था संगै मनोसामाजिक परामर्श कार्यक्रमहरू गरिनेछ ।

४. सामाजिक सुरक्षा भत्ता बैंकबाट उपलब्ध गराउने नेपाल सरकारको कार्यक्रमलाई अझै परिस्कृत गरि गुराँस गाउँपालिको लाभग्राहीको घरदैलोमा बैंक मार्फत सेवाग्राहिको हात हातमै सामाजिक सुरक्षा भत्ता लगाएत सवै प्रकारका भत्ता वडास्तरबाट नै वितरण गर्ने व्यवस्थालाई प्रभावकारी बनाउदै निरन्तरता गरिनेछ ।

५. आ व २०८२।८३ मा गुराँस गाउँपालिका थप २ वटा वडालाई बालमैत्री स्थानीय शासन र पोषण युक्त वडा घोषणा गर्नेगरी आवश्यक प्रक्रिया थालिनेछ, भने क्रमशः सबै वडा हुदै गाउँपालिका स्तरमै घोषणा गर्ने निती अवलम्वन गरिने छ ।

६. आर्थिक, सामाजिक र शैक्षिक दृष्टिले पछाडी परेका लैंङ्गिक तथा यौनिक अल्पसंख्यकहरुलाई प्रोत्साहन संरक्षण र सामाजिक सुरक्षाका लागि स्वरोजगार एव आत्मनिर्भर बन्न एव आन्मनिर्भर बन्न व्यवसायीक प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिईने छ ।

७. बालबालिका विरुद्ध हुने सबै प्रकारका श्रम, शोषण र भेदभावको अन्त्य गरिनेछ, साथै गाउँपालिकालाई बालश्रम मुक्त पालिका घोषणा गर्न सरोकारवाला निकाय तथा संघ संस्थाहरुसंगको समन्वयलाई तिव्रता दिइनेछ साथै सडक मानव मुक्त गाउँपालिकाको रुपमा स्थापना गरिनेछ

८. अपाङ्गता भएका व्यक्ति र उनिहरु क्षमताको लगत संकलन राखि उनिहरुलाई स्वावलम्वी बनाउन क्षमता अनुसार गर्न सकिने जीवन उपयोगी सीप विकास तालिम प्रदान गर्नुका साथै चेतनामूलक तालिम, अभिमुखिकरण लगायत कार्यक्रममा जोड दिइनेछ र पालिकाभित्र निर्माण गरिने जुनसुकै पूर्वाधार र सेवाहरु अपाङगतामैत्री बनाईनेछ पुण स्व रोजगार कार्यक्रम अन्तरगत पहिलो प्राथमिक्ता मा अपांगता भएका व्यक्ति, अल्पसंख्यक, समुदाय लाई पहिलो प्राथमिक्ता मा राखि कार्य गरिने छ।

९. ज्येष्ठ नागरिकलाई स्वास्थ्य तथा अन्य सेवा सुविधामा विशेष छुट र सहुलियत प्रदानका साथै ज्येष्ठ नागरिकको जीवन सम्मानित, सुरक्षित र व्यवस्थित बनाई उनीहरूको ज्ञान, सीप र अनुभवलाई पालिकाको समृद्धिको लागि उपयोग गरिनेछ साथै पालिका र वडा स्तररिय जेष्ठ नागरिक कल्व गठन गरि विभिन्न कार्यक्रममा जेष्ठ नागरिक लाई सम्मानीत कार्यक्रम हरु संचालन गरिने छ।

१०. बालबालिकाहरुको सर्वाङ्गिण विकास अन्य क्रियाकलापमा सहभागी गरि शारिरिक, मानसिक र खेलखुद भावनाको विकासको लागी प्रत्येक विद्यालयमा खेलकुद सम्बन्धि पूर्वाधार निर्माण, मर्मत, खेलकुद सामग्रीको उपलब्धता र सुनिश्चितता र शुक्रवारलाई विशेष पुस्तक रहित दिनको रुपमा रुपान्तरण गरिनेछ।

११. असहाय तथा परिवार विमुख भएका जेष्ठ नागरिकका लागी निशुल्क एम्बुलेन्स तथा पालिका अस्पतालमा निशुल्क स्वास्थ्य सेवाको व्यवस्था गरिने छ ।

## ङ कला तथा संस्कृति

१. सांस्कृतिक नक्सांकन गुराँस गाउँपालिकाका स्थानीय समुदायहरूको मौलिक नाच, भाषा, भेषभूषा, चाडपर्व, कथाहरू र परम्परागत जीवनशैलीको दस्तावेजीकरण गरि सांस्कृति नक्सांकन गरिनेछ जसमा विविधतायुक्त समुदायको संरक्षण गर्न पुस्तक छपाई, कला र सीप हस्तान्तरण, लेख रचना संकलन, लिपि संकलन, संगीत र बाद्यवादनका सामग्री संरक्षण, सांस्कृतिक क्लब तथा संघसंस्था स्थापना, प्रवर्द्धन एवमं सम्वर्धन जस्ता कार्यहरु रहनेछन ।

२. गुराँसको पहिचान बनेका र संस्कृतिका रुपमा रहेका विभिन्न थरिका नाँचहरु पञ्चेबाजा, तरबार नाँच, ढोल नाँच, सिङ्गारु, पैंसेरी, भोसी नाच, लहरे नाँच, गर्रा नाँच, देउडा नाँच, धमारी नाँच, बालन नाँच, सोरठी नाँच, मारुनी नाँच, सालैजो लगायत रैथाने संस्कृतिको जगेर्ना गर्न सम्बन्धित वडाहरुमा एक कला सस्कृति जगेर्ना समितिको गठन गरि परिचालन गरिनेछ र त्यस्ता समितिलाई पालिकाबाट हुने सबै प्रकारका सहयोग गरिनेछ ।

३. पालिका स्तरिय कला संस्कृति संङ्ग्राहलय को स्थापना गरिनेछ हरेक वडा र पालिका स्तरमा साँस्कृतिक कल्व हरु गठन गर्ने र दता भएका कल्व लाई आवश्यक सहयोग गर्ने निती अवलम्वन गरिने छ ।

४. स्थानीय पाठ्यक्रममा गुराँस गाउँपालिकाभित्र रहेका विभिन्न कला संस्कृति एवं धार्मिक र सामाजिक रुपले महत्त्वपूर्ण मानिएका चाँडबाडको मौलिकता र महत्त्व सहितको दस्तोवेज राखिनेछ यसका लागी प्रत्येक वडाबाट कला, संस्कार, संस्कृति, गीत, बाजा, नाँच आदीको लगत संकलन गरिनेछ ।

५. विभिन्न चाड पर्व मेला र उत्सव समारोह तथा विशेष दिन पारि अनतर पालिका, अन्तर वडा तथा स्थानिय स्तरमै कला संस्कृतिको प्रदर्शन, प्रतिश्प्रर्धाका कार्यक्रमका आयोजना लाई सहयोग गरिने छ ।

६. लोपोन्मुख राउटे समुदाय र उनिहरुको संस्कृतिको पहिचान सहितको संरक्षण कार्य गर्न प्रभावकारी कायक्रम संचालन गरिने छ साथै राउटे समुदायले निर्माण गर्ने विभिन्न सामग्रीको बजारिकरण गर्नको लागी राउटे हस्तकला प्रवर्द्धन गर्न काठकला हस्तकला ढोल मादल बनाउने सीप, लगायत अन्य कलाको संरक्षण गर्न राउटे समुदाय विशेष लघु उद्यम तथा तालिम का कार्यक्रम राउटे समुदायमा संचालन गरिनेछ ।

७. स्थानीय स्तरका कलाकार लाई गाउँपालिका भित्र संचालन हुने जुनसुकै कार्यक्रममा विशेष प्राथामिकता दिन र प्रोत्साहन गर्नको लागी आवश्यक समन्वय र सहजीकरण गरिनेछ यसका साथै विपन्न कलाकारलाई उपयुक्त प्रशिक्षण र प्रशिक्षकको खाँचो परेको अवस्थामा आवश्यक सहयोग गरिनेछ ।

८. गाउँपालिका भित्र निर्माण हुने भौतिक संरचनाहरु र सरकारी कार्यालयहरु स्थानीय पहिचान बोक्ने खालको आकार र सोही बमोजिम कला संस्कृति झल्काउने रंग रोगन तथा संकेत गर्ने प्रकारको निर्माण गर्ने निती अवलम्वन गरिनेछ ।

९. स्थानीय कला संस्कृतीको जर्गेना गर्न हरेक शुक्रवार विशेष कला संस्कृती तथा क्षमता प्रदशन समेतको विशेष कक्षा र कार्यक्रम हरेका विद्यालयमा संचालन गरिने छ ।

१०. गाउँपालिका भित्र रहेका सम्पूर्ण नाचगान, भाषा,बोलिचाली, भेषभूषा, चाडपर्व, कला र सीप, लेख रचना, लिपि, संगीत र बाद्यवादन आदीको संरक्षणको लागी आगामी आ व मा स्थानीय संस्कृति सम्बन्धि कार्यविधि निर्माण गरिनेछ र सोहो बमोजिम पालिकास्तर र वडा स्तरमा स्थानीय तहको सांस्कृति समिति गठन गरि परिचालन गरिनेछ ।

११. पालिका क्षेत्र भित्र का कला सस्कृति, पहिचान , लिपी आदि जस्ता कार्यको संरक्षण र परिचालन गर्न गुराँस प्रज्ञा प्रतिष्ठानको गठन तथा प्रभावकारी संचालन गर्ने व्यवस्था मिलाईने छ ।

## च  युवा तथा खेलकूद

१ खेलकुदमा भविष्य देखेका र खेलप्रेमि यूवाहरुको उज्जवल भविष्य र उनिहरुको शारिरिक तथा मानसिक विकासको लागी नियमित खेलकुद संचालन तथा पालिका र अन्तर्पालिका स्तरीय खेलकुद प्रतियोगित आयोजना गरिनेछ ।

२ विद्यालय देखि नै खेलकुद क्षेत्रको विकास गर्न स्पोर्ट्स स्कुल कार्यक्रम संचालन गरिनेछ सोको लागी विद्याललय स्तरमा खेलकुदको लागी आवश्यक पूर्वाधार निर्माण लगायत खेलकुदका सामग्रीको उपलब्धता गराईनेछ साथै पालिका स्तरीय खेलकुद विकास समिति गठन गरि थप व्यवस्थित प्रभावकारी रुपमा संचालन गरिने छ ।

३ **“स्वास्थ्यका लागि खेलकुदस् सबैलाई राख्छ एकजुट”** कार्यक्रम अन्तर्गत गुराँस अध्यक्ष कप खेलकुद आयोजना र राष्ट्रपति रनिङ्ग शिल्ड लाई निरन्तरता दिईनेछ यसका लागी आवश्यक बजेटमा विशेष प्राथामिकता दिईनेछ।

४ वडा स्तरीय युवा क्लबहरु तथा पालिका स्तरीय युवा संजालले गरिरहेका नमुना युवा संसद सहयोग लाई निरन्तरता दिदै यसको परिचालन तथा व्यवस्थापन गर्न आवश्यक कोष खडा गरिनेछ ।

५ यूवाहरुलाई लागूपदार्थ दुर्व्यसनीबाट अलग राख्न सामाजिक सेवा, खेलकुद, स्वरोजगार कार्यक्रम, सिकाईका प्रकृया निरन्तरता दिँदै सृजनात्मक र रचनात्मक कार्यमा लगाईनेछ सोको लागी पालिकास्तरमा विभिन्न सिर्जनशिल र रचनात्मक प्रतियोगिता गरिनेछ ।

७ प्रत्येक वडामा यूवा लक्षित कार्यक्रमहरु संचालन गर्न यूवा क्लबलाई सक्रिय बनाईनेछ र पालिकास्तरबाट हुने जुनसुकै प्रकारका क्रियाकलापहरु यूवाहरुको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ ।

८ यूवाहरुको जोस र जाँगरलाई उत्पादनमुखि कार्यमा लगानी गरि रोजगारी प्रदान गरिनेछ साथै उक्त कार्यको लाग न्युनतम पारिश्रमिकको व्यवस्था गरिनेछ र श्रम वैंक लाई समेत यूवा लक्षीत बनाउने निती अवलम्वन गरिने छ ।

९ वैदेशिक रोजगारबाट फर्केका यूवाहरुको सीप दक्षता क्षमतालाई स्थानीय स्तरमा परिचालन गर्न आवश्यक आकर्षक कार्यक्रम संचालन गरि प्रोत्साहन गरिनेछ ।

**तथा गाउँ सभाका सदस्य ज्यूहरु,**

## छ पूर्वाधार विकास

१. भौतिक पूर्वाधारका क्षेत्रमा यस वर्ष गुराँस गौरव मार्ग को निर्माण कार्य लाई सम्पन्न गरिने छ। यसै गरी १५ शैया अस्पताल को भौतिक संसचना, गाँउपालिका को प्रासम्भिक भवनको निर्माण कार्य सम्पन्न गरिने छ भने यसै आर्थिक वर्षमा पालिका को ५०० क्षमताको सभाहल, गेष्ट हाउस लगाएतको वहु उदेश्यि सभाहल समेतको प्रशासकिय भवनको लागी आधारभुत काम सम्पन्न गरिने छ । साथै यस वर्ष पालिका भरका यातायात गुरुयोजना मुताविक का सवै सडक र भौतिक संसचनाको सम्भाव्यता अध्ययन, वातावरणिय प्रभाव मूल्याङ्कन लगायत DPR का कार्य अघि बढाईनेछ ।

२. गुराँस श्रम बैंकलाई निरन्तरता दिदै पालिका संग साझेदारी गरि लगानी गर्न ईच्छुक विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थालाई पूर्वाधार विकासको लागी प्रस्तावना गर्न खुला सूचना आव्हान गरी श्रम तथा रोजगार सृजना गर्ने नीति अवलम्वन गरिनेछ ।

३. पूर्वाधार विकास तर्फका सडक तथा यातायात, भवन तथा आवास, पर्यटन पुर्वाधार, कृर्षि पूर्वाधार, शिक्षा तथा खेलकुद पुर्वाधार लगायत सवै पुर्वाधार विकास कार्यक्रमको प्राविधिक प्रतिवेदन सहित गुरु योजना तयार गरिनेछ यसका लागी सबैवडा स्तरमा विज्ञ र अनुभवि जनशक्ति संग सेवा परामर्श लगायत सम्भाव्यता अध्ययनको लागी स्थलगत अनुगमन गरिने छ ।

४. दश लाख भन्दा ठुला भौतिक पूर्वाधारको गुणस्तर कायम गर्न आवश्यक उपकरण र दक्ष जनशक्ति सहित ल्याव परीक्षण विधिलाई अनिवार्य लागु गरिने छ, सोको लागी पालिकाभित्र मौजुदा रहेका दक्ष कर्मचारीलाई आवश्यक तालिम दिई ल्याव स्थापनाका लागी पहल गरिने छ ।

५. स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (LISP) संग निरन्तर साझेदारी गरि गुराँस गाउँपालिका भित्र आगामी २ बर्ष भित्र पूर्वाधार निर्माण,विकास र मर्मतको सम्पूर्ण आधारभुत कार्य सम्पन्न गरिनेछ यसका लागी साझेदारीको लागी पालिकाबाट विशेष बजेट व्यवस्थापन गरिनेछ ।

६. गाउँपालिकास्तरमा सञ्चालित गौरवका आयोजनाहरुका रुपमा रहेका मूल सडकबाट प्रत्येक वडा कार्यालयसम्म पुग्ने सडक निकास समेतको कच्चि नाला, ग्रावेल समेतको पक्की नाला र कालो पत्रे पक्की सडक निर्माण गरिने छ ।

७. पालिका स्तरको रिङ्गरोड रानित्ता —बुवैराखे —भ्यूचुला —धरमपोखरा —दुदिला —लालीकाँडा —झुज— मिलन चोक —पुलिया —माथिल्लो डुङ्गेश्वर —तल्लो डुङ्गेश्वर— पातल खोला —बेडु गाँउ —दोवाटा —गुराँसे —रानिमत्ता सम्मको वाटो लाई गुराँस चक्रपथ तथा अन्तर पालिका पर्यटकिय सडकको रुपमा विकास गरिने छ ।

८. हाल सम्म ट्र्याक ओपन नभएका गुराँस गौरव मार्ग लगाएतका पालिका भित्रका सवै सडक लाई ओपन गरि सडक संजाल संग जोडिने छ ।

९. हामी बनाउँछौं हाम्रो सडकू कार्यक्रम लाई निरन्तरता दिदै पालिका भित्रक सवै सडकहरुको स्तरोन्नती गरी बाह्रै महिना सञ्चालनमा आउने गरि कार्य अघि बढाइनेछ ।

१०. नयाँ सडक ट्र्याकमात्र खोल्ने काम लाइ प्राथमित्तका का साथ अघि वढाईने छ, नया सडक मात्र खन्ने र डोजर मात्र चलाउने कार्यलाई निरुसाहित गर्दै भएका सडकलाई स्तरोन्नति गर्दै लगिनेछ ।

११. मर्मत सम्भार कोष सडक मर्मत र सुधारको लागि मर्मत सम्भार कोष स्थापना गरिनेछ हामी वनाउछौ हाम्रो सडक कार्यक्रम अन्तरगत पालिका कौ आन्तिरिक आम्दानिको ५० प्रतिशन रकम सडक मर्मत कोषमा जम्मा गरि परिचालन गरिने छ । अति आवश्यक र आपतकालिन अवस्थाको लागी सडक संयमसेवकको व्यवस्थापन गरि सडक वाटो निर्माण , मर्मत तथा सहजिकरण गरिने छ ।

१२. प्रदेश र संघिय आयोजना र सवै कार्यक्रम लाई हरेक आ.व को २ महिना भित्रै कार्यान्वयन ढाँचा को लागी समन्वय गर्न सम्वन्धित निकाय लाई पत्राचार गरि आपसि समन्वयमा मात्र कार्यगर्न पहल गरिने छ ।

१३. वडा गत रुपमा विनियोजन गरिएका र माग भै आएका सवै सडक र भौतिक पुर्वाधार निर्माणका कार्यक्रम लाई हामि बनाउछौ हाम्रो सडक र एल आई एस पि कार्यक्रम अन्तरगत साझेदारि रुपमा संचालन गरिने छ ।

१४. गुराँसे-दोबाटो-पातिकाल्ला-कर्णाली राजमार्ग जोडने सडक लाई प्रमुख प्राथमिक्ताका साथ काम गरिने छ । संगै गुराँस गौरवमार्ग, दोवाटा-बेडुगाँउ-पातलखोला, पातिकाल्ला-शेरीवाडा-रतीखोला-चिसापानी सडक, दोवाटा-शेरी-पाती काल्ला, गुराँसे-कुमखोला सडक, रानिमत्ता-ठुला पोखरी-भित्री खोला-काफलमेला-व्यूराखेत सडक, राउटे गल्छी काफलमेला, बुवैराखे-गोगन पानी, वुवैराखे-व्यूराखेत र रानावन जोडने सडक , भ्यू चुला -पुलिया, रेग-वगौरा, मेलपोखरा बडावल, वगौरा मैनडाडा-मिलनचोक, धरम पोखरा- मकुटक-मिलनचोक, धरम पोखरा-ठाँटि-मिलन चोक, पाखेपानी-गर्चा-घिउ पोखरी, दुदिला-वाउन गाँउ- झुज, घुम्ने विसौ-लाली काँडा- झुज, झुज-उगाडा- उखेनि, झुज काडा मर्खे-कल्चे ढुङ्ग, पुलिया मर्खे, पुलिया-मिलन चोक लगाएतका साना ठुला यातायात र कृषि सडक र मुख्य तथा सहायक मार्ग जोडने सडक क्रमशः स्तरउन्नती, ग्रावेल, र कालोपत्रे गर्दै लगीने छ ।

**ज भवन तथा सहरी विकास**

१. यसै आर्थिक बर्ष भित्र गुराँस गाउँपालिकाको मुख्य पदाधिकारी तथा प्रशासनिक भवनको निर्माणका थालनी गरिने छ । सवै वडा कार्यालय भवन हरु सम्पन्न भै सकेको हुदा थप आवश्यक सुधार , घेरावार, वाल कम्पाउण्ड तला थप, सेवा ग्राहि मैत्री कार्यालय का लागी आवश्यक निर्माण कार्य गरिने छ ।

२. खरको छाना मुक्त, घर परिवार ढुक्क अभियान अन्तर्गत यस पालिका भित्र खरको छाना भएका घरहरुलाई जस्तापाताले विस्थापित गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३. सवै विद्यालय र स्वास्थ्य संस्थाहरु लाई क्रमश जस्ता पाता मुक्त गरि पक्की छत तथा ढलान गरिने छ । विस्तारै जस्ता पाता मुक्त विद्यालय अभियान लाई संचालन गरिने छ ।

४. पालिकाभरका व्यस्त बजारक्षेत्र र लामो दुरीका सडक क्षेत्रमा सार्वजनिक शौचालय र फोहोर संकलन तथा व्यवस्थापन सेल्टरको स्थापना गरिने छ ।

५. सरकारी भवनहरु निर्माण गर्न आवश्यक प्रक्रियाअनुसार जग्गा खरिदसमेत गर्न मिल्नेगरी नीतिगत व्यवस्था गरिनेछ र त्यससँग जोडिएका ऐलानी तथा सरकारी सार्वजनिक जग्गा भएमा संघीय सरकारसँग समन्वय गरी पालिकाको विभिन्न प्रयोजनमा प्रयोग तथा उपयोग गर्न भोकाधिकार लिने व्यवस्था गरिने छ ।

६. पालिका क्षेत्रभर हाल सम्म पनि स्थानिय तहको मातहतमा न आएका सवै प्रकारका जग्गा सार्वजनिक, व्यक्तिगत जग्गा लाई संघ संस्था वा सरकारी कार्यालयको नाउमा ल्याउने काम यसै आथिृक वर्ष भित्र सम्पन्न गरिने छ । संस्था वा कार्यालयको नाउमा जग्गा नआएका संरचनाको भूक्तानी र थप लगानी र निकासा नगर्ने निती अवलम्वन गरिने छ ।

७. सुकुम्वासी तथा अव्यवस्थित बसोवासीहरुको सन्दर्भमा भूमि सम्बन्धि समस्या समाधान आयोग, संघीय र प्रदेश सरकारसंग आवश्यक समन्वय गरि भूमिहिनहरूलाई जग्गा व्यवस्थापन कार्य लाइ निरन्तरता दिईने छ ।

८. नक्सा पास नगरी भवन निर्माण गर्ने कुरालाई निरुत्साहित गर्नुका साथै भवन बनाउदा राष्ट्रिय भवन संहितामा र गुराँस भवन निर्माण संहितामा उल्लेखित मापदण्डलाई कडाईका साथ लागू गरिने छ ।

९. भू-उपयोग मापदण्ड तथा भु उपयोग निती लाई आधार मानि पालिका क्षेत्रमा रहेका सार्वजनिक जग्गाको संरक्षण गर्न वा दुरउपयोग हुन नदिन अधिकार सम्पन्न आयोग गठन गरि जग्गा संरक्षण गर्ने निती अवलम्वन गरिने छ ।

१०. पालिका भित्रका पर्यटकिय क्षेत्रमा कला संस्कृति झल्कने घर भवन निर्माण गर्ने र मौलिक परम्पराका क्षेत्र वा टोल घोषणा गरि विशेष संरक्षण तथा प्राथमित्त्काका साथ भवन निर्माण प्रोत्तसाहन गरिने छ ।

११. पालिका भर आवासीय क्षेत्रमा मात्र घर निर्माण अनुमति दिने र हाल भएका घर लाई आवासीय क्षेत्रमा स्थानान्तरण गर्न प्रोत्साहन गर्ने सार्न सम्भव नभएका घर लाई अभिलेखमा राखि सवै प्रकारका घर टहरा निर्माण गर्न अनिवार्य अनुमर्ती लिनपर्ने व्यवस्था लागु गरिने छ ।

## झ सामुदायीक विद्युत, लघु विद्युत तथा उर्जा,

१. गाउँपालिकाका स्थानीय बजार क्षेत्रमा सौर्य सडक बत्तीका साथ सडक तथा बजार क्षेत्र उज्यालो कार्यक्रम लागु गरिनेछ ।

२. संघीय र प्रदेश सरकारसँगको समन्वय र सहयोगमा विद्युतको राष्ट्रिय प्रसारण लाइन र ग्रामिण सामुदायिक विद्युतिकरण कार्यक्रममार्फत सबै वडा तथा वस्तीहरुमा विद्युत विस्तार लाई सम्पन्न गरिने छ ।

३. सामुदायिक विद्युतिकरण कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित ढङ्गले सञ्चालन गर्न अनलाई सफ्ट वयर र साधन श्रोत सम्पन्न शाखा स्थापना गरिने छ ।

४. हाल भएका नाङ्गो तार लाई विस्तापित गरि विस्तारै एविसी केवलमा रुपान्तरण गरि विद्युत को नियमित आपुर्तिमा ध्यान दिईने ।

५. सुर्खेत दैलेख १३३ केभि प्रशारण वाट गुराँस सामुदायीक विद्युत संचालन गर्न आवश्यक पहल गरिने छ ।

६. सामुदायीक विद्युत लाई थप व्यवस्थित गरि पालिका क्षेत्रमा रहेको नेपाल विद्युत प्राधिकणको मातहतमा रहेका क्षेत्र र ग्राहक समेत सामुदायीक विद्युतको मातहतमा ल्याउने र विद्युत नपुगेको क्षेत्रमा थप विद्युतिकरण गरिने छ ।

## (ङ) नदी, तटबन्धन, पुल निकास

१. नदी तटबन्धन, पुललगायत भौतिक पूर्वाधारका कामहरु अघि बढाउन आवश्यक बजेटका लागि केन्द्र एवं प्रदेश सरकारको समन्वयमा अघि बढाइनेछ ।

२. वर्षातको समयमा विद्यार्थी तथा स्थानीय बासिन्दाहरुलाई सहज आवतजावत हुने गरि आवश्यक खोलामा झोलुङ्गे पुल निर्माण कार्य संघीय तथा प्रदेश सरकार सँगको समन्वयमा क्रमागत रुपमा निर्माण गरिनेछ । निर्माण सम्पन्न भैसकेका झोलुङ्गे पुलको मर्मत संभारका लागि मर्मत कोषको व्यवस्था गरिनेछ ।

३. तल्लो डुङ्गेश्वर लगाएत नदि खोला तथा भु क्षय हुने क्षेत्रमा आवश्यक रोकथाम र तट बन्धन गर्ने कार्य प्राथिमक्ताका साथ संचालन गरिने छ ।

४. नदि क्षेत्रको दायाँवाय सुरक्षा का सवै उपाय र वाढि भु क्षय हुने स्थानमा विशेष हरियाली तथा रोकथाम अभियान संचालन गरिने छ ।
५. अन्तर पालिका तथा सिमाना नदिहरुमा प्रदेश संघ र अन्तर पालीका समन्वयमा र छलफलमा पुल र सडक निर्माणका कार्य अघि वढाईने छ ।

## ६. संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन

### (क) मानव संसाधन

१. मानव पुँजीको विकास नै आधुनिक समाज निर्माणको आधारभूत कार्य मानिने भएकोले संगठन भित्रको जनशक्तिलाई कामप्रति अझ बढी उत्प्रेरित गर्नका लागि क्षमता विकास तालिम र कार्यसम्पादनमा आधारित पुरस्कार र दण्ड प्रणालीलाई वस्तुगत र यथार्थपरक बनाइनेछ ।
२. कार्यसम्पादन मूल्याङ्कन र कार्यदक्षताको आधारमा कर्मचारीलाई दण्ड वा पुरस्कारको व्यवस्था गरिनेछ ।
३. कर्मचारी र जनप्रतिनिधिहरूको लागि क्षमता विकासको लागि तालिम तथा अभिमुखिकरण प्रदान गरिनेछ ।हरेका वर्षको २ पटक शिक्षक कर्मचारी र जन प्रतिनीधी समेतको लागी विशेष क्षमता विकास तालीम को व्यवस्था गरिने छ ।
४. शिक्षक तथा कर्मचारको कार्य क्षमतामा निखार ल्याउन अर्धवार्षिक रुपमा कार्यसम्पादन क्षमता जाँज लिने एक आयोग को समेत गठन गरिने छ ।
५. कागज रहित अनलाइन सेवा र कार्यसम्पादन सम्झौताको आधारमा कर्मचारी परिचालन गरिनेछ । आगामी आ.व को श्रावण १ गते देखि सवै सरकारी कार्यालय र मावि हरुमा अनिवार्य ई हाजीको आधारमा मात्र तलब सिटको शिफारिश गर्ने अनीवार्य व्यवस्था लागु गरिएको छ ।
६. सेवाग्राहि र गुराँसका जनताको गुनासो व्यवस्थापन गर्न हेल्लो अध्यक्ष हल्लो गुराँस कार्यक्रम लागु गरिने छ
७. सेवा ग्राहि लाई प्रभावकारी सेवा प्रदान गर्न सेवाग्राहि कार्ड र कर्मचारी लगबुक व्यवस्था लागु गरिने छ ।

८. सवै वडा र सरकारी कार्यालय लाई एकिकृत सेवा तथा अनुगमन पर्णालिमा विकास गरि पालिका केन्द्र वाटै नियमित अनुगमनको गर्ने व्यवस्था गरिने छ ।

**(ख) संस्थागत क्षमता विकास**

१. टोलमा हुने विकास निर्माणका कार्यमा पहिलो जिम्मेवार बनाउन तथा सरकारको सबैभन्दा नजिकको अङ्गको रूपमा स्थापित गर्न मुख्य गरि टोल विकास समितिहरू, उपभोक्ता, विद्यालय, सहकारी लगाएत सवै संस्थागत समिति र महासंघ,संस्था लाई तालिम, प्रशिक्षण प्रदान गरि परिचालन गर्ने निती अवलम्वन गरिने छ ।

२. स्थानीय तह संस्थागत क्षमता स्व(मूल्याङ्कन कार्यान्वयन गरी सुशासन, विकास र सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ

३. नेपाल सरकार ले स्व मुल्यांकन आन्तरिक ,वाह्य तथा अतिरिक्त सवै प्रकारका मुल्यांकन सुचक हरुमा सुधार गर्न आवश्यक कार्यक्रम संचलन गरिने छ ।

**(ग) राजस्व परिचालन**

१. राजस्वका स्रोतहरुको पहिचान गरी प्रगतिशिल करको सिद्वान्तअनुसार करको दायरा फराकिलो बनाई राजस्व प्रशासनलाई प्रभावकारी, संस्थागत र सबल बनाइनेछ । उद्योग, व्यापार, व्यवसाय सबैलाई करको दायरामा ल्याई पालिकाको आन्तरिक आम्दानी वृद्धि गरि राजस्व असुलीको घोषित लक्ष्य पूरा गर्न हरसम्भव उपाय अबलम्बन गरिनेछ ।

२. समग्रमा राजस्व प्रशासनलाई थप सुदृढ र चुस्त बनाइनेछ । सबै प्रकारका आर्थिक क्रियाकलापलाई औपचारिक राजश्व प्रणालीमा आवद्ध गरिनेछ ।

३. विभिन्न टोल वस्तीबाट सडक बाटो लैजाने क्रममा नागरिकको जग्गा सार्वजनिक सडकमा परेको र सो जग्गाको समेत कर तिर्न परिरहेको अवस्थालाई मध्यनजर गर्दै उक्त जग्गाको लगत कट्टा गर्ने व्यवस्था मिलाइनेछ साथै घर जग्गा तथा सम्पत्ती करमा जनअपेक्षा अनुसार दर रेटमिलान गरिने छ।

४. पालिका भर राजश्व सम्भावना अध्यन गर्ने र विज्ञ सहित कायर्दल गठन गरिने छ । सो सुझाव को आधारमा राजस्व सुधार योजना लाग गरिने छ र पालिका लाई आत्म निर्भर बनाउने निती अवलम्वन गरिने छ ।

५. गाँउ पालिकाको स्थापना काल देखी हाल सम्भ भएका राजश्व आम्दानी खर्च, उपयोग र अपचलनको अवस्थालाई यस आर्थिक वर्षको प्रारम्भमै एकिकृत प्रतिवेदनको रुपमा सार्वजनिक गरिने छ ।

**(घ) सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण**

१. हामीले सम्पादन गरेका कामहरुका बारेमा जनतासम्म पुऱ्याउने, हाम्रा कुरा सुनाउने, जनताका सुझाव ग्रहण गर्ने र भए गरेका कमि कमजोरी सुधार्ने परिपाटि बसाल्न सार्वजनिक सुनुवाईलाई निरन्तरता दिँदै नियमित रूपमा हरेक वडामा रा पालिका स्तरमा समेत संचालन गरिनेछ ।

२. गाउँपालिकाका सबै कार्यक्रम तथा योजनामा पारदर्शिता, सहभागिता, जवाफदेहिता, दुरदर्सिता जस्ता सुशासनका सबै सूचकहरु जनताले अनुभूति गराउने गरी पालना र सुधार गरिने छ ।

३. सार्वजनिक गुनासो सुनवाई र जवाफदेहिता को संस्थागत परिपार्टि लाई स्थापीत गरिने छ ।

४. पालिको एप निर्माण गरि मेरो गुराँस सधै मेरो साथ कार्यक्रम संचालन गरिने छ ।

५. पालिका मा सुझाव पेटिका, सार्वजनिक सुचना केन्द्र, नागरिक वडा पत्रको प्रभावकारी कार्यान्वयन गरिने छ ।

**(ङ) बेरुजु फच्यौंट**

१. बिगत आर्थिक वर्ष सम्मको अप्रत्यासित रुपमा बढेको बेरुजुलाई नियन्त्रण गरिएको छ, प्रत्येक वर्ष बेरुजु नियन्त्रण गर्न सतर्कता र विशेष कार्यक्रम नै संचालन गरिने छ ।

२. आन्तरिक लेखा परीक्षणलाई प्रभावकारी बनाईने छ । अन्तिम लेखा परीक्षणबाट औंल्याइएका बेरुजु फछ्यौंट गरी वित्तिय सुशासन कायम गरिनेछ ।

३. बेरुजु फछ्यौंट गरी वित्तिय सुशासन कायम गर्न कडाइका साथ असुली कार्य कार्यान्वयन गरिनेछ ।

४. पालिका वाट भए गरेका सवै आर्थिक गतिविधी को वित्तीय स्वास्थ्य परिक्षण गरिने छ । अनियमित भएका सवै प्रकारका गतिविधी लाई कार्वाहि प्रकृया अघि वढाईने छ ।

५. विगतका सवै प्रकारका वेरुजु फस्यौट गर्ने र आगामी ३ वर्ष भित्र गुराँस गाँउपालिका को वेरुजू करिव सुन्य गर्न विशेष अभियान संचालन गरिने ।

## (च) सेवा प्रवाह र शासकिय सुधार तथा संचार

१. सेवाको वरीपरी जनता होइन, जनताको वरिपरी सेवाः भन्ने मर्म लाई ध्यानमा राखि स्थानीय सरकार जनताको सबै भन्दा नजिकको सरकार भएको अनुभुति गराउनन घुम्ती सेवा, डेस्क सेवा र एकद्वार सेवा प्रणालीमा जोड दिइनेछ ।

२. नागरिकको सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, पारदर्शी, जवाफदेही, जनउत्तरदायी, प्रविधिमैत्री, सेवाग्राहीमैत्री, भ्रष्टाचारमुक्त, चुस्त र जनमुखी बनाइनेछ ।

३. भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता सहितको सदाचारयुक्त नीति अवलम्बन गर्दै शासकीय स्वच्छता, सदाचार र नैतिकतालाई कडाईका साथ लागू गरि जनतामा सुशासनको प्रत्याभूति गराइनेछ ।

४. जनतालाई छिटोछरितो सेवा दिन नीति तथा कार्यक्रम र बजेट तथा योजनाको आधारमा आवश्यक पर्ने ऐन, कानून र कार्यविधि तत्कालै बनाइनेछ ।

५. पालिका क्षेत्रमा ग्रामीण तथा गुरौंसबस सेवा गाउँपालिकाको पहलमा सञ्चालन गरी ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ती, महिला र बालबालिकालाई सर्वसुलभ यातायात सेवा प्रदान गरिनेछ । साथै प्रत्येक वडाको पायक पर्ने स्थानमा एउटा बाल उद्यान र ज्येष्ठ नागरिक मिलन केन्द्र स्थापना गरिनेछ ।

६. सामाजिक सुरक्षा भत्तालाई प्रत्येक वडा कार्यालयबाटै वितरण गर्ने कार्यलाई प्रभावकारी थप व्यवस्था मिलाइनेछ ।

७. बजारमा विक्री हुने दैनिक उपभोग्य खाद्य तथा पेय पदार्थहरुको नियमित अनुगमन तथा नियमन गरि पोषण तथा स्वास्थ्यबर्द्धक खाद्य तथा पेय पदार्थहरुको प्रवर्द्धन, उत्पादन र प्रभावकारी अनुगमन कार्यमा जोड दिइनेछ ।

८. कार्यसम्पादनलाई प्रभावकारी र गुणस्तरीय बनाउन गाउँपालिकाभित्र शाखा, उपशाखा तथा निकाय मातहतका कर्मचारीसँग कार्यसम्पादन सम्झौता गरिनेछ । सो कार्यसम्पादन सम्झौताको कार्यान्वयन पक्षलाई आधारमा कार्यसम्पादन मूल्याङ्कनको नीति अवलम्बन गरिनेछ ।

९. सेवाग्राहि लाई सकभर सवै सेवा स्थानिय वडा वाटै प्रवाह गर्ने व्यवस्था मिलाईने छ । वडा वाट हुन नसक्ने सेवा लाई अनलाईन सेवा वाट सेवा प्रदान गर्ने व्यवस्था मिलाईने छ ।

१०. पालिका भरका सवै सरकारी कार्यालय र विद्यालय लगायत सवैमा एकिकृत अनलाईन सेवा तथा प्रविधी पणार्ली वाट सेवा प्रवाह गर्ने व्यवस्था गरिने छ ।

११. पालिका भरका सवै सरकारी कार्यालय र विद्यालयमा उर्जा, विद्युत, ल्याण्लाईन फोन ईण्टरनेट , लगायत प्रविधी मैत्री कार्यालय को व्यवस्था गर्ने र सहज र सरल ढंग वाट सेवाग्राहि लाई सेवाप्रदान गर्ने निती अवलम्वन गरिने छ ।

१२. पालिकाका स्थायी तथा करार कर्मचारीलाई सामाजिक सुरक्षा कोष संग आवद्ध गर्ने र पुण रुपमा डिजिटल सेवा प्रवाह गर्न डिजिटल पालिका को निती विधी अवलम्वन गरिने छ ।

१३. गुराँस गाउँपालिकाको विभिन्न ठाउँमा कमजोर टेलिफोन नेटवोर्कको समस्या समाधान गर्न नेपाल दुरसञ्चार प्राधिकरण संग भए गरेका काम लाई थप प्रभावकारी ढंग वाट संचालन गरिने छ ।

१४. पालिका केन्द्र लगाएत मुख्य वजार क्षेत्रमा टेलिफोन मोवाईल सेवा गुणस्तर सुधारको कार्य यसै आर्थिक वर्ष भित्र मुख्य केन्दमा लगायत सवै वडा मा सम्पन्न गरिने छ ।

१५. पालिका क्षेत्रमा ल्याण्डलाइन फोन र फाइबर इन्टरनेट विस्तारको लागी यसै वर्ष आवश्यक पुर्वाधारका कार्य शुरु भै सकेको व्यवहो अवगत गराउदै आगामी वर्ष भित्र सवै वडामा विस्तार गरिने छ ।

१६. पालिका कार्यालयमा नमस्ते गूराँस गुनासो सुनवाई कार्यक्रम लगाएत सहज संचारका लागी संस्थागत टेलिफोन सवै जन प्रतिनिधी शाखा र सेवा प्रवाहका संरचना व्यक्तिगत फोन प्रयोग नगरि कार्यालयका अफिसियल फोन प्रयोगमा ल्याउन व्यवस्था गरिने छ ।

## ७ वन, वातावरण तथा विपद् व्यवस्थापन

(क) **वन तथा भू–संरक्षण**

१. वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता र जलाधार संरक्षण तथा व्यवस्थापन कार्यलाई अभियानका रुपमा संचालन गरी पर्यापर्यटनको विकास गरिनेछ । वन क्षेत्रको दिगो व्यवस्थापन र जलवायु परिवर्तन एवं पर्यावरणिय अनुकुलनका कार्यक्रमहरु संचालन गरिनेछ ।

२. वन जङ्गल जोगाऔं(आम्दानी रहरियाली बढाऔं भन्ने नारालाई सार्थक तुल्याउन जथाभावी वन फडानी गर्ने, डढेलो लगाउने, अनाधिकृत चरिचरण गर्ने जस्ता कार्यलाई निरुत्साहित गर्दै खोला किनार, पहिरो गएका ठाउँ र नाङ्गा डाँडा पाखाहरुमा वृक्षारोपण गरिनेछ ।

३. वन क्षेत्रको पूर्ण क्षमताको उपयोग हुने गरी सहभागितामूलक व्यवस्थापन र प्रकृतिमा आधारित पर्यटनको विकासबाट वस्तु तथा सेवाको विस्तार र विविधिकरण गर्ने रणनीति अवलम्बन गरिनेछ ।

४. जल, जंङ्गल, जमिन, जडीबुटी र जनशक्तिको उचित व्यवस्थापन गर्न पाँच अर्थात जल, जमिन,जंगल र जनता को एकि्तत अभियान सञ्चालन गरिनेछ ।साथै, पालिकामा हावापानी अनुसार औषधिजन्य वनस्पतिको पहिचान गर्दै संकलन, संरक्षण र संवर्द्धन गरिनेछ।वनजन्य उत्पादन तथा विभिन्न जडिबुटी संकलन, प्रशोधन तथा बिक्रि वितरण जस्ता व्यवसायिकजन्य कार्यलाई प्रोत्साहन गरिनेछ ।

५. आयमुलक वन, गुराँसको धनू अन्तर्गत सबै सामुदायिक वनमा टिमुर, काउलो, तेजपत्ता, रिठ्ठा, नास्पति, काफल, आरुबखडा, बाँस, अम्प्रिसो, ओखर, रुद्राक्ष, वुद्धचित,चिया,कफि लगायतका आयमुलक वनजन्य वनस्तपती सहित बृहत वन बगैचा निर्माण गरिनेछ ।

६. मापदण्ड बमोजिम निर्माण कार्य सम्पन्न भएका सडक छेउको दायाँ बायाँ सौन्दर्य दिने एवं आयमुलक जातका वोटविरुवा लगाउने नीति अवलम्बन गरिनेछ ।

७. पालिका भरका बन उपभोक्ता समिती र महासंघको सहकार्यमा आयमुलक (आयमुलक वन, गुराँसको धनू कृषी वन र बन पयृटन कार्यक्रम सञ्चालन गरिनेछ ।

८. जिल्ला बन कार्यालय संगको समन्वय र साझेदारीमा बन जन्य आम्दानी लगायत पर्यापर्यटन का साझेदारी कार्यक्रम संचालन गरिने छ ।

९. गुराँसका कतिपय सार्वजनिक एव बन क्षेत्रमा संचालित रानिमत्ताको गुराँस पार्क लगाएतका क्षेत्रमा आर्थिक अनियमिता भएको र संरक्षण अभाव समेत रहेकोले त्यस्को व्यवस्थापन गाँउ पालिका वाट गर्ने प्रकृया थालनि गरिने छ ।

**(ख) जलवायु परिवर्तन विपद् व्यवस्थापन**

१. जलवायु परिवर्तन र यसका असरबारे सचेतिरकण गर्नुका साथै जलवायु परिवर्तन अनुकुलन सम्बन्धि संस्थागत र सामुदायिक अभिमुखिकरण गरिनेछ ।

२. विकास निर्माणका कार्य गर्दा जलवायु परिवर्तन र यसका असरलाई ख्याल गरी वातावरणीय प्रभाव मूल्याङ्कन गरेर अघि बढिनेछ ।

३. सबै वडाका संभाव्य पहिरो जोखिम ठाउँहरुको पहिचान गरी त्यस्ता ठाउँहरुमा बाँस, अम्रिसो, निगालो जस्ता नगदे विरुवा लगाउने लगायत आवश्यकताका आधारमा तटबन्ध निर्माण गरि पहिरो नियन्त्रण गर्ने नीति अबलम्बन गरिनेछ ।

४. सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धि आफ्नो बार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउने कार्यलाई कडाईका साथ कार्यान्वयनमा ल्याइनेछ । साथै वन पैदावारको बिक्रीबाट पालिकालाई प्राप्त हुने आयको केही अंश सामुदायिक वनहरुको क्षमता विकास, दीगो व्यवस्थापन र खेर गएको वन पैदावर उपयोग र निकासीका लागि सम्बन्धित निकायसँग समन्वय गरिनेछ ।

५. पालिका भित्रका सम्भाव्य विपदका घटनाहरुको पहिचान गरी विपद जोखिम न्यूनिकरण, विपद पूर्व तयारी र विपद प्रतिकार्य योजना तयार गरी लागू गरिनेछ । विपदका बेला खोज, उद्दार, राहत र पुनःस्थापनाको कार्यलाई व्यवस्थित बनाउन पालिकामा चौबीसै घण्टा तयारी अवस्थामा रहने गरी संघ, संस्थाहरु समेतको समन्वयमा स्थापित आपतकालिन कार्य संचालन केन्द्रलाई स्रोत साधन सम्पन्न गरिनेछ । पालिका देखि वडास्तर सम्मका विपद व्यवस्थापन समितिलाई क्रियाशिल तुल्याइनेछ ।

६. विपद पिडितहरुलाई तत्काल सहयोग गर्न विपद व्यवस्थापन कोषमा आवश्यक रकम व्यवस्था गरिनेछ ।

७. विपद र विकासमा पालिका भित्र नगर तथा गाँउ प्रहरि परिचालन गरिने छ आवश्यक्ता अनुसार स्थानिय प्रहरी र युवा स्वयमंसेवक परिचालनको विधि समेट अवलम्वन गरिने छ

८. आपतकालीन अवस्थामा स्वयम सेवक भई काम गर्न रेस्क्यू आर्मी फोर्स गठन गरिने छ

९. गाउँपालिकामा विपद व्यवस्थापन तथा सुरक्षा शाखा स्थापना गरी सबै वडा तह तथा विद्यालय तहमा स्वयमंसेवी भाव वृद्धि गर्न अभियान सञ्चालन गरिनेछ।

१०. विपद व्यवस्थापन कोष स्थापना गरि विपद व्यवस्थापन तथा जोखिम न्यूनिकरणका कार्य एव प्रतिकार्य प्रभावकारी रुपमा संचालन गरिने छ ।

## ८ अन्तरनिकाय समन्वय

१. देशभित्र र बाहिरका स्थानीय तहमा अन्तर सम्बन्धित निकायसँग भगिनी सम्बन्ध कायम गरि सिकाई आदान(प्रदान गर्ने नीति अबलम्बन गरिनेछ ।

२. प्रदेश र संघ सरकारसँग कार्यात्मक अन्तरसम्बन्ध सुदृढ गरी कायम रहेको दोहोरोपनलाई अन्त्य गरिनेछ ।

३. नागरिकता, राष्ट्रिय परिचयपत्र र मतदाता परिचयपत्र गाउँपालिका तथा वडाबाटै वितरण गर्न जिल्ला प्रशासन कार्यालयसँग आवश्यक समन्वय र पहल गरिनेछ ।

४. गुराँस गाउँपालिकासँग साझेदारी गरि कार्यक्रम सञ्चालन गर्ने संघ संस्थालाई पालिकाको नीति तथा कार्यक्रमसँग जोडेर मात्र अघि बढाइनेछ ।

५. प्रेदश, संघ जिल्ला लगाएत अन्य पालिका संग समन्वय गर्ने र स्थानिय तहको समन्वय र सहकार्यको आधारमा मात्र योजना, आयोजना र कार्यक्रम लागु गर्ने सम्पन्न तथा फरफारक गर्ने निती अबलम्बन गरिने छ ।

## ९ सुरक्षा

१. पालिकामा कार्यरत प्रहरी चौकीहरुको व्यवस्थापनमा थप सहयोग गर्दै सुरक्षा व्यवस्थापनका लागि थप पहल गरिनेछ ।

२. गाउँपालिकाका आवश्यक विभिन्न ठाउँमा अस्थायी प्रहरी पोष्ट र सुरक्षा बिट् स्थापना गरी सञ्चालनमा ल्याइनेछ । प्रहरी चौकीको स्तरोन्नतिको लागि आवश्यक पहल गरिनेछ ।

३. युवा उमेर समुहका व्यक्ति र किशोरावस्थाका व्यक्तिहरूलाई सशक्तिकरण, आत्मरक्षा र सुरक्षा सम्बन्धि सचेतना प्रदान गरिनेछ ।

४. स्थानीय सरकारको कार्य सम्पादनलाई जनपक्षीय बनाउन, विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन र राजस्व प्रशासनलाई थप सघाऊ पुर्‍याउन स्थानीय सरकार सञ्चालन ऐनले गरेको व्यवस्थाबमोजिम सुरक्षा व्यवस्थापन शाखा स्थापना गरि यस आर्थिक वर्ष मा गुराँस नगर तथा गाँउ प्रहरी भार्ना गरि संचालनमा ल्याईने छ ।

## १० भुमि व्यवस्था

१. यस वर्ष भुमी समस्या समाधान आयोग संग जोडिएका सुकुम्वासी, अव्यस्थित वसोवास भूमिहिन दलित सुकुम्वासी र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्न संघीय सरकारले लिएको नीति अनुरुप वडास्तरमा संकलन गरिएका निवेदन उपर निष्पक्ष छानविन गरि स्थानीय तहले गर्नपर्ने सबैकार्यको फछ्र्यौट गरिने छ ।

२. पालिका क्षेत्र भित्र अतिक्रमण भएका वन क्षेत्र , सार्बजनिक जग्गा ऐलानी क्षेत्र लगाएत सवै सरकारी जग्गाका संरक्षण गर्ने निती अवलम्वन गरिने छ ।

३. पालिका, वडा कार्यालय, विद्यालय, स्वास्थ्य चौकि सहकारी संघ संस्था लगाएत सवै प्रकारका सरकारी, सार्वजनिक कार्यालय लगाएतका नाउमा ल्याउन पर्ने जग्गा को लगत तैयार गरी आफ्नो स्वामित्वमा ल्याईने छ ।

४. पालिका क्षेत्र भर मालपोत कर वढि भएको भन्ने जनगुनासो लाई मद्य नजर गरि राजस्व समायोजनाका लागी आवश्यक पहल गरिने छ भने पालिका क्षेत्र भरका सडक वाटोको लगत कट्टा गर्न आवश्यक पहल गरिने छ ।

## अन्तमा

**सभा अध्यक्ष ज्यू,**

**तथा गाउँ सभाका सदस्य ज्यूहरु,**

उपरोक्त निती कार्यक्रमको आधारमा यस पालिका स्तरमा निम्न लिखित गौरवका योजनाहरु । रहेको यस सम्मानित सभामा जानकारी गराउदछु ।

१. एक घर एक धारा तथा घर घर धारा गुराँस सरकारको अविभारा ।
२. पुर्ण स्वरोजगार गाँउपालिका । एक घर एक रोजगार कार्यक्रम
३. भौतिक विकास र मानव विकास संगै , दिगो विकास लक्षीत निती कार्यक्रम र बजेट ।
४. पुर्ण सरसफाई र खानेपानि सम्पन्न पालिका
५. पुण विद्युतिकरण गाँउ पालिका ।
६. एक वडा एक उद्योग कार्यक्रम
७. एक टोल एक उत्पादन कार्यक्रम
८. टोल विकास संस्था संगै श्रम सहभागीता ।
९. गुराँस गौरव मार्ग सम्पन्न गर्ने ।
१०. कृषि विकास तथा अनुसंधान केन्द्र संगै टिसु कल्चर ल्याव संचालन ।
११. पालिको वहुउदेसशय प्रशासकिय स्थापना ।
१२. सुन्य भ्रष्टाचार र वेरुजु नियन्त्रण ।
१३. शैया अस्पताल को संचालन ।
१४. आयूवेद अस्पताल,

**१५.** योगा हल तथा हेल्थ सेण्टर ,
**१६.** खुल्ला व्यायाम शाला
**१७.** डिजिटल गाँउ पालिका तथा लेस पेपर कार्यालय
**१८.** राउटेको स्थायी नमुना वसोवास व्यवस्था ।

गुराँस गाँउ पालिकाको आ.व २०८२/०८३ नीति तथा कार्यक्रम आएका थप सुझव हरु लाई समेत समावेश गरि यसै निती तथा कायृक्रमका आधारमा तयार हुने बजेट तथा योजनालाई कार्यान्वयन गर्न आम गुराँसबासी आमाबुवा, दाजुभाई तथा दिदीबहिनी, गाउँ कार्यपालिकाका पदाधिकारी र सदस्य, गाउँ सभाका पदाधिकारी र सदस्य, सबै जिम्मेवार राजनीतिक दल, समाजसेवी, सामाजिक कार्यकर्ता, सबै सरकारी निकाय, राष्ट्रसेवक कर्मचारी मित्रहरू र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट समन्वय, सहयोग र सहकार्य प्राप्त हुनेछ भन्ने विश्वास लिँदै आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम यस सम्मानीत गुराँस गाउँसभा समक्ष पेश गर्दछु ।

**धन्यवाद नमस्कार।**